


## राष्ट्रिय स्वतन्त्र पार्टी

# हामी र हाम्रो वाचा

प्रतिनिधि सभा सदस्य निर्वाचन २०७९

सर्वाधिकार © नेपाली जनता

यस वाचा पत्रका कुनै पनि अंश वा पुरै वाचाहरु कुनै पनि नेपाली दल तथा सरकारद्वारा पुनरुत्पादन, कार्यान्वयन तथा कपी गरेको पाइएमा राष्ट्रिय स्वतन्त्र पार्टीद्वारा सधन्यवाद स्याबास भनिने छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी

# हामी र हाम्रो वाचा

प्रतिनिधि सभा सदस्य निर्वाचन २०७९

# विषय सूची

## हामी


१. पृष्ठभूमि ..... 0१
२. उद्देश्य ..... 0२
३. राजनीतिक चरित्र ..... 0३
४. दर्शन र प्रतिबद्धता ..... 0३
५. आदर्श ..... 0४
६. हाम्रो परिकल्पनाको शासकीय स्वरूप ..... 0६
७. विभिन्न पार्टीहरूप्रतिको धारणा ..... 0७
८. गत पाँच वर्षको समीक्षा ..... 0८

संवैधानिक समाजवाद ..... 0९


## हाम्रो वाचा


निर्वाचन प्रक्रियामा सुधार ..... १0
सुशासनः जनताका लागि ..... ११
भ्रष्ट्राचार गरिन्न ..... १२
लैंगिक विभेदको अन्त्य ..... १३
बहुआयामिक सामाजिक सुरक्षा ..... १४
सामाजिक न्याय र समावेशीकरण ..... १५
उत्कृष्ट शिक्षा अनि संस्कार ..... १६
बलियो स्वास्थ्य सयंन्त्र ..... १७
मानसिक स्वास्थ्य ..... १८
कृषिमा क्रान्ति ..... १९
व्यवसायमा सहजता ..... २0
पूर्वाधारको गुणस्तरीय सञ्जाल ..... २१
सहज यात्राको आधार ..... २२
सुरक्षित र सम्मानित वैदेशिक रोजगार ..... २३
भूमिसुधारमा वैज्ञानिकता ..... २४
संस्कृति सम्पदा अनि पर्यटन ..... २५
बैंकिङ अनि बीमाको सुदृढ संयन्त्र ..... २६
खेलकुदको शक्ति ..... २७
भविष्यका लागि आज वातावरणको रक्षा ..... २८
जलवायु परिवर्तन र विपद् व्यवस्थापन ..... २९
सुरक्षा बलको सबलीकरण र सक्रियता ..... ३0
सन्तुलित परराष्ट्र नीति ..... ३१
सक्षम युवा ..... ३२
विविध ..... ३३

वि.सं. २११० को नेपाल ..... ३४

# राष्ट्रिय स्वतन्त्र पार्टीको परिचय र धारणा २०७९

## १. पृष्ठभूमि

वि. सं. १९९० को दशकबाट नेपालमा संस्थागत रूपमा लोकतान्त्रिक आन्दोलनको सुरुवात भएको मान्न सकिन्छ । वि.सं. १९९३ सालमा प्रजा परिषद्को स्थापना भएबाट छिटपुट रूपमा भइरहेका जनजागरण र जनसंघर्षले संस्थागत रूप लिएको थियो। यसपछि २०३६, २०४६, २०६२/६३ लगायतका इतिहासका विभिन्न कालखण्डमा पटक पटक सशस्त्र द्वन्द्व, जनआन्दोलन र विद्रोहहरू भइरहे । यस क्रममा नेपाली जनताले साहसिक, दृढ, कठोर र बलिदानी पूर्ण संघर्ष गर्नु परेको छ । लोकतान्त्रिक आन्दोलनका ज्ञात-अज्ञात सहिद र योद्धाहरु सर्वदा चीरस्मरणीय छन्। यिनै घटनाक्रमहरूको परिणामस्वरुप नेपालले अहिले नागरिकको मौलिक हकसहितको संवैधानिक प्रक्रियाबाट परिवर्तनहरू आत्मसाथ गर्न सक्ने संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेको छ ।

तर निकै लामो संघर्ष र समयक्रम पछि प्राप्त व्यवस्थाले पनि आम नागरिकको जीवनस्तरमा पारेको प्रभाव कस्तो छ भन्ने बहस एकातिर छ भने यही व्यवस्थामा आधारित भएर देश थितिबाट चल्न सकेको देखिँदैन । केही मात्रामा भएका परिवर्तनहरू पनि गुणात्मक दृष्टिले हेर्दा निकै निराशाजनक छन्। त्यसमाथि, व्यवस्थाका पक्षपोषक भएर सत्ता सम्हालेकाहरुको प्रवृतिको नकारात्मक भार व्यवस्थाले बोक्नु परेको छ ।

संविधान, ऐन, कानुनहरूमा देख्दा सहज रूपमा देखिने थिति पनि व्यवहारिक रूपमा अनुभव गर्न गाह्रो छ । जनताले जुन किसिमको प्रवृत्तिगत परिवर्तनको अपेक्षा गरेका थिए, जनआन्दोलन, संघर्ष र विद्रोहले जुन किसिमको निर्देशन दिएको थियो, त्यसका नेतृत्वकर्ता हुँ भन्ने दल, शक्ति र नेताहरूले त्यसको गरिमा कायम राखेर परिवर्तनलाई सम्मान र संस्थागत गर्न सकेका छैनन् । उनीहरूले जनभावनालाई लत्याएर नयाँ शासक र पूरानै प्रवृत्तिको नयाँ संस्करणका रूपमा आफूलाई स्थापित गराएका छन् ।

राजनीतिक दलहरु सत्ता स्वार्थमा जो सुकैसँग पनि छिनभरमै मिल्न सक्ने र फुट्न सक्ने व्यवहार पटक पटक देखाइरहेका छन् ।

देश आज पनि गरिब छ । करिब २० प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् भने करिब ३० प्रतिशत जनता अझै पनि बहु आयामिक गरिबीको सिकार छन् । अर्थतन्त्र आयातमुखी र सङ्कटग्रस्त छ । देशभित्र रोजगारको व्यवस्था हुन नसक्दा ठुलो मात्राको सक्रिय जनसङ्ख्या विदेशिनु परेको छ। तिनैबाट आर्जित रेमिट्यान्सले देशको अर्थतन्त्र भरथेग गर्दैछ भने खलबलिएको पारिवारिक र सामाजिक संरचना तथा विदेशी भूमिमा मृत्युवरण गरेर काठको बाकसमा फर्किने शवहरुले त्यसको मूल्य चुकाइरहेको देखिन्छ । शिक्षा, स्वास्थ्य र आवास जस्ता आधारभूत सेवा सुविधाहरु सर्वसाधारणको पहुँच बाहिर वा असाध्यै महङ्गा भएका छन् ।

राज्यका निकाय तथा अङ्गहरूको अतिराजनीतिकरणले गर्दा बहुदलीय लोकतान्त्रिक व्यवस्था नै बदनाम हुन पुगेको छ । भ्रष्टाचार, बेथितिको कुनै सीमा छैन । संविधानवाद, विधिको शासन, शक्ति पृथकीकरणलाई लत्याइएको छ । कर्मचारीको बढुवा जस्तो सामान्य विषयमा पनि ठुला ठुला राजनीतिक सेटिङ चल्ने र ब्रिफकेस भरि पैसाको लेनदेन हुने कुराहरु बाहिरिन थालेका छन् । भ्रष्टाचारका ठुलठुला काण्डहरु सतहमा आइपुग्दा पनि छानबिन र कारबाही हुनुको साटो मिलेमतो हुने र भित्रभित्रै गुपचुप पार्ने गरिएको छ । त्यसमा मुछिएकाहरु हाँकाहाँकी सार्वजनिक रूपमा आफ्नो संलग्नता बयान गर्दै हिँड्ने गरेका छन् तर राज्य संयन्त्रलाई केवल मुकदर्शक बनाइएको छ । विधि अनुसार आफू चल्ने भन्दा पनि आफू चल्नका लागि विधि र संविधानलाई कोतर्ने काम भएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सर्वोच्च अदालत जस्ता नियामक तथा न्यायिक संस्थाहरु पनि राजनीति र विवादमुक्त रहेका छैनन् । यिनीहरूको विश्वसनीयतामा आम जनमनमा शङ्का छ ।

व्यवस्था बदलियो तर जनताको अवस्था बदलिएन किनभने बदलिएको व्यवस्थामा केहीबाहेक पात्र पनि फेरिएनन् । प्रवृत्ति जस्ताको तस्तै रह्यो । शक्तिलाई आफूमा र आफ्नो वरिपरि मात्रै राखिराख्न कोसिस गर्नेहरु बढे । उनीहरुलाई शासक बन्न र देखिन पर्ने भएको छ । यो यति विद्रुप रहेको छ कि पिर्के सलामी होस् या एयरपोर्टमा लगिने सोफा हुन् वा "भिआइपि संस्कार" होस्, शासक बन्न चाहनेहरुको यस्तै व्यवहारले लोकतान्त्रिक व्यवस्थाप्रति ठाडो प्रहार गरिरहेको छ । यसमा सजग हुनुको सट्टा नेतृत्वमा रहेकाहरु नै तालमेल, गठबन्धन जस्ता अभ्यास गरेर निर्वाचन अगाडि नै परिणाम आफ्नो पक्षमा ल्याउने सिन्डिकेटको अभ्यासमा अभ्यस्त हुन थालेका छन् । उनीहरु चुनाव अगाडि नै विजेता तयार पारेर केवल कर्मकाण्डी चुनावमा जनमतको अभिनय होस् भन्ने प्रयासमा छन् । सीमित व्यक्तिको राज्यसत्तामा हुने पहुँचलाई हटाउन जसले क्रान्ति गरेका भनिन्थ्यो, तिनले नै राजनीतिक सिन्डिकेट, कार्टेलिङ गरेका छन्, जसले तिनै दलहरु

भित्र रहेका योग्य र अब्बलहरू पनि पाखा लाग्नु परेको छ । यो राजनीतिक सिन्डिकेटकै विरुद्धमा पूराना दलहरू भित्रै रहेका लोकतान्त्रिक तथा देशभक्त शक्तिहरू समेतको सहभागितामा पूराना दलहरू सुध्रिन सक्दैनन् भनेर आएका हामी नयाँ लोकतान्त्रिक शक्तिहरुले क्रान्ति गर्नु पर्ने अवस्था बनेको छ र एक्काइसौं शताब्दीको लोकतान्त्रिक क्रान्ति आवधिक निर्वाचनमा मत परिवर्तन गरेर सम्पन्न गर्न सकिने हाम्रो विश्वास हो । संविधानभित्र रहेर राजनीतिक क्रान्ति गर्न सक्ने अवस्था बनाएकोमा भने उनीहरुलाई धन्यवाद ।

मतबाट परिवर्तन गर्न सकिन्छ भन्ने कुराका व्यवहारिक सङ्केतहरू पनि देखिन थालेका छन् । पूराना राजनीतिक दलले सुध्रिनै नसक्ने गरी बदलेको बाटोबाट देशलाई विधिको बाटोमा फर्काउन यो समय उपयुक्त हुन सक्छ भन्ने आंकलन छ । स्थानीय निर्वाचन २०७९ ले देखाएको सङ्केतले संविधानवादी परिवर्तनकारीहरुमा साहस सञ्चार गर्नु स्वाभाविक देखिन्छ । तर एक्ला एक्लै र विजातीय रुपमा प्रयत्न गर्दा संसदीय व्यवस्थाको सीमितताको कारणले अन्ततः पूरानै दल र प्रवृत्तिहरुको पक्षपोषण गर्नेछ । यसैले यो सङ्केतलाई १९९० को दशकबाट सुरु भएको संस्थागत लोकतान्त्रिक प्रक्रियाकै पछिल्लो कडीमा जोडेर सदुपयोग गर्नु पर्छ भनेर राष्ट्रिय स्वतन्त्र पार्टीको स्थापना भएको हो ।

## २. उद्देश्य

नेपालमा नयाँ किसिमको राजनीतिक दलको निर्माण गर्ने प्रयत्न पटक पटक भएको छ । वि. सं. २०५० मा स्थापना भएको "लोक दल" फरक किसिमले स्थापित हुन चाहेको पहिलो दल थियो । तर राजनीतिक रुपमा लोक दलको स्थापना समयभन्दा पहिले थियो । त्यही कारणले असफल भयो । समयभन्दा पहिले किन पनि थियो भने उनीहरुले २०५० मा नै त्यो प्रयास गरे । त्यति बेलासम्म भर्खरै आन्दोलनबाट आएका दलहरुको पूर्ण परीक्षण भइसकेको थिएन । दलहरुको आन्तरिक लोकतन्त्रको अभ्यास हेरेर उनीहरू असफल हुने बाटोमा नै छन् भन्ने लोकदल सम्बद्ध लगायत केहीलाई अनुमान वा विश्वास रहेको हुन सक्छ। तर अझै पनि असाध्यै ठुलो नागरिक तह ती दलहरुको परीक्षणको पर्खाइमा थिए । दलमाथि शंकाको सुविधाजस्तो थियो । जनताले ती दलहरुलाई परीक्षणबाट सफल हुन मौकासमेत दिए । त्यो समयसम्म लोक दलले आफ्नो अस्तित्व पनि बचाउन सकेन र नेपाली राजनीतिबाट हरायो ।

नयाँ संविधान पछि पनि अहिलेका दलहरुसँग निराश हुने नागरिकको संख्या ठुलो थियो । चिनले पार लगाउँदैनन्, नयाँ नेपालका लागि नयाँ शक्ति चाहिन्छ भन्ने स्वरहरु निकै सुनिन थालेका थिए । नयाँ शक्ति नै नाम राखिएको पार्टी खुल्यो । आम नागरिकले बिलकुलै नयाँ पात्र खोजिरहेका थिए तर त्यसको नेतृत्व गर्ने परीक्षण भइसकेका पूराना नेता थिए । नयाँ शक्तिलाई जनतामा स्थापित गराउन असफल रहेर घुमाउरो यात्रा पूरा गरेर त्यसका नेतृत्वकर्ता पुनः माओवादीमा फर्किएका छन् । तर नयाँ शक्ति भन्ने राजनीतिक शब्द चाहिं नेपाली राजनीतिमा फर्किन सकेन ।

नयाँ शक्तिभन्दा पहिलेदेखि नै कुकुर छाप चुनाव चिन्ह र "स्माइली" लिएर केही युवाहरु फरक किसिमको क्रियाकलाप सहित आफ्नो राजनीतिक उपस्थिति जनाइरहेका थिए । उनीहरुले आफूलाई वैकल्पिक भन्थे, र तीबाट प्रभावित हुनेहरू वैकल्पिक राजनीतिको वकालत गर्थे । उनीहरुको चाल सुस्त थियो कि रफ्तारमा थियो भन्ने विषयमा विवाद हुन सक्ला तर आफ्नै ढङ्गमा प्रभावशाली हुँदै अगाडि बढिरहेको थियो । त्यही बीचमा साझा पार्टी स्थापना भयो । वैकल्पिक राजनीतिकै कलेवरमा साझा पार्टी खोलियो । तत्कालै भएका स्थानीय, प्रादेशिक र संघीय निर्वाचनमा वैकल्पिक सोचिएका विवेकशील र साझा पार्टीहरुको बलियो सम्भावना देखियो । त्यसपछि ती मिले । अनायासै छुटे । फेरि मिले । र, असरल्ल भएर छुट्टिए। वैकल्पिक राजनीतिकको नेतृत्व गर्छौं भन्ने दाबी गर्ने एउटा समूह अग्रगमन लत्याएर प्रतिगामी व्यवस्थाको वकालत गर्दै राप्रपामा पुगेका छ भने अरु अभिभावकविहीन झैं भएर तितरबितर भएका छन् ।

वैकल्पिक राजनीतिका लागि सबैभन्दा ठुलो क्षति भयो, उज्ज्वल थापाको मृत्यु । पछिल्लो समय प्रभावशाली राजनीतिक पदमा नरहे पनि उनी नेपाली वैकल्पिक राजनीतिका लागि मियो थिए । उनको अभाव वैकल्पिक नेपाली राजनीतिले महसुस गरिरहने छ । त्यसपछि वैकल्पिक राजनीतिका लागि घातक भए, तत्कालीन साझा पार्टी र तत्कालीन नयाँ शक्ति । तत्कालीन साझा पार्टी र तत्कालीन नयाँ शक्तिको नेतृत्वले वैकल्पिक राजनीतिको यति विघ्न हुर्मत लिइसकेका छन् कि आजकाल कसैले पनि वैकल्पिक राजनीतिका कुरा हतपत्त सुन्नै चाहँदैन । पूराना नेता र दलप्रति चरम अविश्वास र घृणाको जनमत अझै बढ्दा पनि आम नागरिकले नयाँ दलप्रति वितृष्णा किन जाहेर गर्छन् ? हरेक नयाँ दलप्रति पनि उस्तै उपेक्षा र उस्तै अविश्वास सिर्जना हुने अवस्थाको निर्माण साझा पार्टी र नयाँ शक्तिको स्थापना र अवसानले गरेका हुन् भन्दा उनीहरुमाथि दोषारोपण हुन्न, बरु इतिहासको सही दस्तावेजीकरण हुन्छ ।

तर यही अवस्था रहँदारहँदै पनि गत स्थानीय तहको निर्वाचनमा स्वतन्त्र राजनीतिको हस्तक्षेपकारी नयाँ लहर सतहमा आयो । लोकतन्त्रप्रतिको नागरिक अविश्वासलाई लयमा फर्काउन एउटा राष्ट्रव्यापी आन्दोलनको जरुरी पनि थियो । "स्थानीय तहलाई दलीय नबनाऊँ" भन्ने आशयबाट सुरु भएको त्यो आन्दोलनको मुख्य उद्देश्य आफूलाई निर्विकल्प ठानेर मदमत्त भएका दलका नेतृत्वको साँढे-सोचलाई बाँध्नु थियो । दलका पूराना नेताहरुलाई "अब हुँदै हुँदैन, विश्राम लिनुस्" भनेर चेतावनी दिनु थियो । देशभरबाट करीब १० हजार नागरिकले स्थानीय तहका

विभिन्न पदमा उम्मेदवारी दिएका थिए । देशभरमा दुई दर्जन बढी स्वतन्त्र राजनीतिक समूह निर्माण भए । काठमाडौं, धनगढी, धरान लगायतका विभिन्न स्थानमा ठूलो मतान्तरले स्वतन्त्र उम्मेदवारहरु निर्वाचित भए ।

दशकौँदेखि अस्तित्वमा रहेका र दसौं लाख सक्रिय सदस्य रहेका पार्टीका उम्मेदवारलाई केही महिना अगाडि उम्मेदवारी घोषणा गरे काहरूले हराउनु सामान्य कुरा थिएन । यो एउटा नागरिक तहको राष्ट्रव्यापी अभियान त थियो नै, त्यसका अतिरिक्त पूराना राजनीतिक दलभित्र हुने गरेको अलोकतान्त्रिक व्यवहार - नातावाद, कृपावादसहितको सिन्डिकेट विरुद्धको विद्रोह पनि थियो । असङ्गठित नै सही तर महत्वपूर्ण सचेतना आन्दोलन थियो । तर हरेक आन्दोलनको एउटा चरणपछि सबैले सोध्ने प्रश्न हुन्छ : अब यसपछि के ? त्यसको प्रष्ट खाका र अगुवाई नभएपछि त्यो आन्दोलन थला पर्छ ।

जसरी “वैकल्पिक राजनीति भनेको के हो ?” भन्ने विषयमा एकसरो नागरिक चेतनाको विकास नहुँदै त्यसप्रतिको आकर्षण सकियो, यदि बेलैमा सजग नभएमा यो राजनीतिक अभियानको पनि त्यही हालत हुने हो कि भन्ने शङ्का व्याप्त थियो ।

यस्तोमा यी सबै ऐतिहासिक राजनीतिक घटनाक्रमको निचोडका रूपमा एउटा राजनीतिक शक्तिको खाँचो टड्कारो परेको थियो । स्पष्ट र अविचलित अवधारणा र मार्गचित्र बिना हुने राजनीतिक आन्दोलनले बालेन, हर्क वा गोपीको गन्तीमा आंशिक सफलता त देला तर यसले कालान्तरमा नागरिकलाई अझ बढी निराश मात्रै बनाउनेछ। लोक दल, नयाँ शक्ति, विवेकशील, साझा जस्तै यो अभियानलाई असफल हुन नदिने एउटै मात्र उपाय भनेको अहिलेको परिवर्तनको झिल्कोप्रति आम नागरिकले देखाएको आकर्षणको सम्मान हो । स्थानीय निर्वाचनमा देखिएको स्वतन्त्रहरूको उपस्थिति आवेग मात्रै होइन, यसको पनि इतिहास र समयरेखा छ र, स्वतन्त्रहरूको अभियान झटपटमा माछा समाउने प्रवृत्ति होइन, बरु नागरिकले प्रयास गरेको राजनीतिक शृङ्खलाप्रतिको सम्मान हो भन्ने प्रमाणित गर्नु पर्ने अभिभाराको अनुभूति हो ।

यही अनुभूतिको परिणामस्वरूप लोकतान्त्रिक, वैकल्पिक र फरक धारका राजनीतिका नाममा विगतका करिब एक शताब्दीमा भएका अभ्यास, प्रयत्न र अनुभवलाई विश्लेषणबाट गल्ती नदोहोर्याउँदै, कमजोरी हटाउँदै र सबलतालाई आत्मसाथ गर्दै बृहत् परिपेक्षमा सङ्गठित गर्न राष्ट्रिय स्वतन्त्र पार्टीको जन्म भएको हो । राष्ट्रिय स्वतन्त्र पार्टीले यो प्रक्रियालाई सार्थक बाटोमा डोर्‍याउन संस्थागत सहजीकरण गर्ने उद्देश्य राखेको छ ।

## ३. राजनीतिक चरित्र

राष्ट्रिय स्वतन्त्र पार्टीको नाममा प्रयुक्त स्वतन्त्र शब्दले निर्दलीय, दलविहिनता र एकल उम्मेदवारीको पक्षपोषण गर्ने बुझाउँदैन। कुनै पनि परम्परागत सैद्धान्तिक वाद वा विचारबाट स्वतन्त्र रहेर राज्यमा विधिको शासन लागू गर्न तथा आममानिसहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्न आवश्यक देखेमा कुनै पनि वाद, विचार, सिद्धान्तलाई साधनका रूपमा प्रयोग गर्न र त्याग्न स्वतन्त्र छ भन्ने चाहिँ बुझाउँछ । ति सबै प्रयत्न र उपयोग संविधान र लोकतन्त्रको परिधिभित्र रहेर हुने छन् ।

वर्तमान परिवेशमा नेपालको संविधानले समाजवादप्रति प्रतिबद्धता व्यक्त गरेकाले राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिक चरित्र समाजवाद उन्मुख संविधानवादी, लोकतान्त्रिक र अग्रगामी हुनेछ। राष्ट्रिय स्वतन्त्र पार्टीले लोकतान्त्रिक पद्दति र संस्कृतिको सघनीकरण, संस्थागत प्रक्रियाको निरन्तरता, समयसापेक्षता र अविछिन्न लोकतान्त्रिक उत्तराधिकारको राजनीतिक चरित्र अबलम्बन गर्नेछ ।

## ४. दर्शन र प्रतिबद्धता

जनउत्तरदायी, प्रत्यक्ष जनसहभागितामुलक समावेशी लोकतन्त्रको माध्यमबाट व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारको सम्मान सहितको संवैधानिक समाजवाद (समाजवाद उन्मुख संविधानवाद) को दिशामा मुलुकलाई अगाडि बढाउनु नै राष्ट्रिय स्वतन्त्र पार्टीको दर्शन र प्रतिबद्धता हुनेछ ।

**क. विधिको शासन**
**ख. सामाजिक न्यायसहितको समानता**
**ग. योग्यता र कर्मशीलता**
**घ. राष्ट्र निर्माणमा समर्पणता**
**ङ. भ्रष्टाचारप्रति शुन्यसहनशीलता**
**च. प्रत्यक्ष सहभागितामूलक लोकतन्त्र**
**छ. व्यक्तिगत स्वतन्त्रता र मानव अधिकार**

## ५. आदर्श

### क. संविधानवाद :

विश्वव्यापी कानुनका निश्चित मूल्य, मान्यता एवं लोकतन्त्रका आधारभुत विषयहरु संविधानमा समावेश हुनु र संविधानमा भएका ती व्यवस्थाहरुको व्यवहारिक प्रत्याभूति भई शासन सञ्चालन हुने अवस्था नै संविधानवाद हो । संविधानवाद विधिको शासन, शक्ति पृथकीकरणसहितको उत्तरदायी र असल सरकारको मान्यता हो । यसले स्वेच्छाचारिता, अनुत्तरदायी, निरकुंश शासनको विपरीत धारणा राख्दछ । संविधानवाद लोकतन्त्र र नागरिक सम्प्रभुताको उच्चतम अवस्था हो । संविधानप्रतिको सम्मानभाव कायम राखी संवैधानिक मर्म र भावनाको पालना गर्दै नागरिकको हक-अधिकारको संरक्षण र स्वतन्त्रताको रक्षा गरी संवैधानिक सर्वोच्चता भएमा संविधानवाद कायम हुन्छ ।

### ख. संवैधानिक समाजवाद :

विधिको शासन मार्फत नेपालको संविधानले परिकल्पना गरे अनुसारको समाज स्थापना गर्नु नै संवैधानिक समाजवाद हो । यो नयाँ वाचाहरु गर्ने बेला नभएर, नयाँ सपना देखाउने बेला नभएर, लिखितम् रुपमा गरिएका वाचाहरु र देखाइएका सपनाहरु पूरा गर्ने बेला हो ।

### ग. प्रत्यक्ष, समावेशी र सहभागितामूलक लोकतन्त्र :

राष्ट्रिय स्वतन्त्र पार्टीले पैरवी र अभ्यास गर्ने लोकतन्त्रको चरित्र प्रत्यक्ष, सहभागितामूलक, समावेशी, समानुपातिक र सुसंस्कृत लोकतन्त्र हो । अहिलेको लोकतन्त्र औपचारिक, सीमित, दलीय सिन्डिकेटमा आधारित भ्रष्ट संसदीय लोकतन्त्र हो । यो लोकतन्त्रलाई अझ धेरै विकास र परिमार्जन गर्न जरूरी छ । यसका लागि पार्टीभित्रबाट नै लोकतन्त्रको अभ्यास हुन जरूरी छ। टिकट वितरण नै आफ्नो इच्छामा राखेर कार्टेलिङ गरेर राज्यसत्ता कब्जा गरिएको छ । टिकट वितरणको यो बेथिति रोक्दै, प्रारम्भिक निर्वाचनको धारणा लिएर, मुहानबाटै बेथितिको अन्त्य गर्न राष्ट्रिय स्वतन्त्र पार्टीले प्रारम्भिक निर्वाचन प्रणाली अपनाएको छ । राज्यको कुनै पनि तहको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवारीको टिकट पार्टीका साधारण सदस्यहरुको मतदानबाट विजयी हुनेलाई मात्र दिइनेछ । यस्तो मतदानमा विदेशमा रहेका नेपालीहरुले पनि मतदान गर्न पाउनेछन् । पार्टीको तर्फबाट हुने प्रधानमन्त्रीको दाबेदार पनि पार्टीको साधारण सदस्यहरुको मतबाट छानिनेछन् । समानुपातिक निर्वाचन प्रणालीमा पनि साधारण सदस्यहरुको मतदानबाट नामावली र क्रम संख्या तयार पारिनेछ । कुनै पनि बहानामा कसैलाई रोजाइमा पारेर उम्मेदवारको टिकट दिइने छैन ।

### घ. कम खर्चीलो चुस्त संघीयता :

संघीयतालाई नाम मात्रको बनाइएको छ । स्थान र अवस्था विशेष विकेन्द्रीकरणको साधन निर्धारण हुनुपर्छ भन्ने सामान्य सिद्धान्तलाई पनि व्यवहारिक प्रयोग गर्न कञ्जुस्याइँ गरिएको छ। फरक फरक क्षेत्रका फरक फरक समस्यालाई समाधान गर्न फरक फरक किसिमका प्रादेशिक संरचनाको आवश्यकता पऱ्थ्यो। फरक फरक किसिमका मन्त्रालय र तिनका संख्या चाहिन्थ्यो तर त्यसको पर्याप्त अध्ययन नै नगरी एकैखालका मन्त्रालय र निकायहरुको प्रादेशिक संरचना बनाइयो । प्रदेश १ मा धान मन्त्रालय, चिया मन्त्रालय, अलैंची मन्त्रालय जस्ता कृषिमा नै तीन किसिमका मन्त्रालय चाहिन्थ्यो कि ? मधेश प्रदेशमा बालबालिका तथा महिला सुरक्षा मन्त्रालय सबै भन्दा बलियो चाहिन्थ्यो कि? कर्णालीमा पूर्वाधार मन्त्रालय मुख्य मन्त्रालय हुनु पऱ्थ्यो कि? लुम्बिनी प्रदेशमा लुम्बिनी र यसका बौद्ध गुम्बा बिहार मात्रै हेर्ने शक्तिशाली मन्त्रालय चाहिन्थ्यो कि ? यसका केही अध्ययन नगरी मन्त्रालय बनाइयो र राजनीतिक अभिष्ट पूरा गर्न झ्याल झ्यालमा मन्त्रालय खोल्दै संरचना थप्दै खर्चिलो र भद्दा बनाइयो । शक्ति विनियोजन गर्दा संघमा नै केन्द्रिकरण हुने अवस्थाहरु यथावत राखिएको छ भने कतिपय अनावश्यक संरचनाहरु कायम राखिएको छ । साथै जम्बो प्रदेश सभा राखि राज्यको खर्चको दोहन गरिएको छ । यस्ता धेरै कारणहरुले संघीयताको आधारभुत सिद्धान्तको वकालत गर्नेहरुले पनि नेपालको ढाँचाको संघीयतामा प्रश्न गर्दै चुस्त र प्रभावकारी संघीय संरचना बनाउनु पर्ने भएको छ ।

### ङ. अतिराजनीतिकरणबाट मुक्ति :

अतिराजनीतिकरण र जतासुकै दलहरुको भ्रातृसंगठन र हस्तक्षेपका कारण अहिले लोकतन्त्र होइन, दलतन्त्र बनेको छ। भ्रातृ संगठन र कार्यकर्ता बनाउदै जतासुकै दल र कार्यकर्ताहरुको उपस्थिति बनेको छ । भ्रातृ संगठनहरुको निर्माण जुनसुकै उद्देश्यबाट भए पनि वर्तमान अवस्थामा त्यस्ता भ्रातृ संगठनहरु राजनीति गर्ने थलो मात्रै बनेका छन् । घरैपिच्छे नेता जन्माउने परिपाटीको अन्त्य गरी राजनीतिलाई सुसंस्कृत र सम्मानित बनाउनु हाम्रो उद्देश्य हो । यसैले राष्ट्रिय स्वतन्त्र पार्टीको कुनै पनि किसिमको भ्रातृ संगठन हुँदैन । युवा, महिला, किसान, मजदुर, पेशागत नेपाली, व्यवसायी, आदिवासी, मधेशी, दलित, जनजाती, यौनिक अल्पसंख्यक, मुस्लिम, अपाङ्गता भएका तथा सिमान्तकृतहरुका आवश्यकता र मागलाई पार्टीको मूल संरचनाबाटै उठाइनेछ भने कुनै पनि दलमा आबद्ध नभएका त्यस्ता स्वतन्त्र संघसंस्थाहरुलाई सरोकारवालाका रूपमा स्वीकार गरिनेछ । राष्ट्रिय स्वतन्त्र पार्टीले अन्य दलहरुमा जस्तो सक्रिय, क्रियाशिल, संगठित जस्ता कार्यकर्ता बनाउने छैन ।

### च. परराष्ट्र नीति र सम्मानजनक वैदेशिक सहायता :

नेपालको राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिक स्वतन्त्रता, पञ्चशीलका सिद्धान्त, संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, वातावरणको संरक्षण, विश्व शान्ति, नेपालको राष्ट्रिय हितको सम्वर्द्धन, नेपाली मूल्य र मान्यताको संरक्षण नेपालको परराष्ट्र नीतिका मार्गनिर्देशक सिद्धान्तहरु हुन् । राष्ट्रिय स्वतन्त्र पार्टीले यिनै मार्गनिर्देशक सिद्धान्तको आधारमा नेपालको

राष्ट्रहित र स्वार्थ अनुरूप परराष्ट्र नीति अनुशरण गर्ने छ । वैदेशिक सहायता प्राप्त गर्दा राष्ट्रहितलाई पहिलो प्राथमिकतामा राखिनु पर्छ । मुलुकमा विवाद बढाउने, आन्दोलन भड्काउने किसिमका वैदेशिक सहायता लिनु हुँदैन । दाताहरूको अमूर्त र बहुअर्थी शर्त स्वीकार गरेर कुनै पनि किसिमका वैदेशिक सहायता लिनु राष्ट्रहितका लागि उपयोगी रहँदैन । हरेक वैदेशिक सहायतामा राष्ट्र, इतिहास र जनताको सम्मानप्रति सजग हुन पर्छ।

### छ. आर्थिक नीति :

निजी, सहकारी र सार्वजनिक क्षेत्र राज्यको ३ प्रमुख आर्थिक खम्बाहरू हुन् । निजी तथा सामुदायिक सेवा, व्यवसाय तथा उद्यमहरूलाई निषेध गरेर वा खुम्च्याएर सरकारी सेवालाई विकल्पहीन बनाउने नभई निजी तथा सामुदायिक सेवा, व्यवसाय तथा उद्यमहरूलाई प्रतिस्पर्धी स्विकार्दै नागरिकका आवश्यकता राज्यले निःशुल्क पूरा गर्न सक्ने हुनु राष्ट्रिय स्वतन्त्र पार्टीको नीति हो । राज्यको भूमिकामा निजी तथा सामुदायिक संस्थाहरूको पनि दायीत्व हुन्छ । नागरिकका अनिवार्य आवश्यकताका वस्तु वा सेवाको व्यवसायको हकमा राष्ट्रिय पुँजीको पर्याप्त मात्रामा विकास भएपछि आवश्यक समय दिएर सामूदायीकरण हुने गरी निजी तथा सामुदायीक क्षेत्रले व्यवसाय सञ्चालन गर्न सक्छन् ।

### ज. प्रारम्भिक निर्वाचन :

मुलुकमा विधिको शासन वास्तविकरूपमा लागू गर्न लोकतन्त्रका हरेक पक्षहरूको व्यवहारमा प्रयोग हुनुपर्छ । लोकतन्त्र व्यवहारमा नदेखिनुको मुख्य कारण हो, सबै क्षेत्रको अतिराजनीतिकरण र दलहरूमा सीमित नेताहरू सर्वेसर्वा बन्नु । दलिय लोकतन्त्र आवश्यक छ तर लोकतन्त्रका लागि अतिराजनीतिकरण घातक छ । दलभित्र सीमित नेताहरू सर्वेसर्वा हुँदा दलीय लोकतन्त्र केही व्यक्तिको हातमा भयो । दलभित्र शक्तिको कसरत गर्न सांसदको टिकट वितरण तथा विभिन्न पदबहालीलाई मुख्य हतियार बनाइएको छ । नेताको निकट र चाप्लुसी गर्दा टिकट पाइन्छ । यदि टिकट वितरण र पद बहाली गर्ने व्यवस्थालाई लोकतान्त्रिक र पारदर्शी बनाउने हो भने अतिराजनीतिकरणलाई पराजित गर्न धेरै सहज हुनेछ ।

सम्पूर्ण लोकतन्त्र नै पार्टीको टिकट वितरणका कारण जोखिमपूर्ण बनेको छ । टिकट वितरण सीमित व्यक्तिमा सीमित हुँदा नेपालको राजकीय सत्ता पनि पार्टीसत्ताका सीमित व्यक्तिको हातमा पुग्यो। बहुदलीय लोकतन्त्रमा राजकीय सत्ताको शक्तिको श्रोत पार्टी सत्तामा हुन्छ । पार्टीसत्ताको शक्तिको स्रोत पार्टीभित्रका आम सदस्यहरू हुँदै सर्वसाधारण जनतामा हुनु पर्नेमा राजनीतिक सिन्डिकेटका कारणले पार्टी सत्ताको शक्ति स्रोत दलभित्रका सीमित व्यक्तिहरूले कब्जा गरेका छन् । ती सीमित व्यक्तिहरू जनताको भावना विपरित विदेशी दलाल, भ्रष्ट र माफियाहरूको आदेशमा चल्छन् । यसरी नेपाली जनतामा निहित सार्वभौमसत्ता व्यवहारिकरूपमा बिचबाटोबाटै अपहरित छ । यसैले आमनागरिकको सहभागितामा दलभित्रको लोकतन्त्रलाई बलियो बनाउँदै सार्वभौमसत्ता शक्तिको स्रोतलाई सीमित व्यक्तिबाट खोसेर जनतामा पुर्याउनको लागि राष्ट्रिय स्वतन्त्र पार्टीले प्रारम्भिक निर्वाचनको प्रावधान बनाएको छ । यसले नेताको चाकडी गरेर टिकट पाउने व्यवस्थालाई अन्त्य गर्छ । दलभित्र लोकतन्त्रको प्रत्याभुत गर्छ। यसले अन्ततः मुलुककै लोकतन्त्रलाई सबल बनाउँदै नेपाली जनतालाई व्यवहारिकरूपमै सार्वभौम बनाउँछ ।

## ६. हाम्रो परिकल्पनाको शासकीय स्वरूप

### क. राष्ट्रपतिः

कुनै पनि राजनीतिक दलमा नलागेको वा राजनीतिक लाभ नलिएको १० वर्ष पूरा भएको वंशज नेपाली नागरिक हुनु पर्ने । वडाध्यक्षदेखि संघीय संसदसम्म सम्मिलित वृहत निर्वाचन मण्डलबाट राष्ट्रपति निर्वाचित हुने ।

### ख. उपराष्ट्रपति :

राष्ट्रिय सभाका अध्यक्ष पदेन उपराष्ट्रपति हुने ।

### ग. संघीय सरकार :

जनताद्धारा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुने ।

### घ. प्रदेश सरकार :

जनताद्धारा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुने । मुख्यमन्त्रीले फरक लिङ्गको उपमुख्यमन्त्री नियुक्त गर्ने । प्रदेश मन्त्रीपरिषदका सदस्य हुने र पालिका समन्वयन गर्ने गरी मुख्यमन्त्रीबाट जिल्ला प्रमुख नियुक्त हुने । प्रदेश प्रमुख खारेज हुने । प्रदेश प्रमुखबाट गराइने सपथ राष्ट्रपतिबाट गराइने । जिल्ला समन्वय समिति खारेज हुने । प्रदेश सरकार प्रदेश परिषद्प्रति उत्तरदायी रहने ।

### ङ. प्रदेश परिषद् :

प्रदेशभित्रका पालिकासभाका सदस्यहरूले आफुहरूमध्येबाट समानुपातिक समावेशी आधारमा निर्वाचन गरी २१ देखी ३५ सदस्यीय प्रदेश परिषद् गठन गर्ने । प्रदेश परिषद्को अधिवेशन मुख्यमन्त्रीले बोलाउने । प्रदेश परिषद्को अधिवेशन वर्षको दुइ पटक हुने । एउटा अधिवेशन नीति, कार्यक्रम र बजेटका लागि तथा अर्को विधेयक अधिवेशन हुने ।

### च. अधिकारसम्पन्न राष्ट्रिय समानुपातिक समावेशी प्रवर्द्धन आयोग :

अहिले स्थापित समावेशी सम्बन्धी आयोगहरू पनि समेटिने गरेर संविधानले तोकेका क्लस्टर अनिवार्य समेटिने गरी अधिकारसम्पन्न राष्ट्रिय समानुपातिक समावेशी प्रवर्द्धन आयोग गठन गरिने ।

### छ. राष्ट्रिय सभा :

कम्तिमा ६ वर्ष कुनै पनि दलमा नलागेको व्यक्ति सदस्य हुन पाउने । राष्ट्रिय सभा समावेशी हुनु पर्ने । राष्ट्रिय सभा ३५ सदस्यीय हुने । वडाध्यक्षदेखि प्रतिनिधीसभाका सदस्य सम्मिलित वृहत निर्वाचन मण्डलबाट राष्ट्रिय सभा सदस्यहरू निर्वाचित हुने ।

### ज. संवैधानिक परिषद् :

संवैधानिक परिषद् खारेज । राष्ट्रिय सभाको बहुमतले सिफारिस गरेको व्यक्तिहरूबाट प्रतिनिधि सभामा सुनुवाइ गरी संवैधानिक निकायमा नियुक्ति गर्ने ।

## ७. विभिन्न पार्टीहरूप्रतिको धारणा

### क. नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा एकिकृत समाजवादी :

अहिलेसम्म प्राप्त राजनीतिक उपलब्धिहरूका लागि यिनै दल तथा यी दलहरूमा रहेका नेतृत्वहरूको सहभागीता, अगुवाइ र संघर्षबाट प्राप्त भएका हुन् । यसका लागि यी दलहरू धन्यवादका पात्र हुन् । यही कारणले पनि यी दलहरूलाई एकै समूहमा राख्नु उत्तम हुन्छ । त्यसका अतिरिक्त फरक फरक सिद्धान्त र वादहरू पछ्याउने भनिए पनि व्यवहारत: कुनै पनि दल अर्को दल भन्दा फरक देखिदैंनन् पनि । कार्य, गतिविधी, संरचना, कार्यकर्ता, नेता कसैलाई पनि अलग अलग राखेर हेर्दा एकबाट अर्को छुट्याउनै सकिँदैन । लोकतान्त्रिक भनिए पनि यी दलहरूमा व्यवहारत: पार्टीभित्र वा सत्ता सञ्चालनमा त्यो पुष्टि भएको देखिँदैन । पार्टीसत्तामा सीमित शिर्षनेताहरूको नियन्त्रण रहेकाले कार्यकर्ताको आधिकारिकता, राजनैतिक पदहरूमा बहाली र टिकट वितरण लोकतान्त्रिक बन्न सकेको छैन । पदीय बाँडफाँड तथा टिकट वितरणमा प्रारम्भिक निर्वाचन जस्तो लोकतान्त्रिक प्रकिया नपछ्याएर चाकडी, दाइले भाइलाई छान्ने अनि भाइले दाइलाई छान्ने जस्तो नातावाद र कृपावादमा आधारित कार्यकर्ताको आधिकारिकता वितरण, राजनैतिक पदहरूमा बहाली र टिकट वितरण भएकाले दलहरूभित्र व्यवहारमा लोकतन्त्रको प्रयोग हुन सकेको छैन भने सोही धरातलबाट राज्यसत्ता सञ्चालन भएकाले सम्पूर्ण मुलुकको लोकतान्त्रिक व्यवस्था नै जोखिमपूर्ण रहेको छ । अझ पार्टीभित्र लोकतन्त्रमाथि कुठाराघात हुँदा यी पार्टीभित्रका अब्बल र जान्नेहरूलाई सँधै अवसरबाट बञ्चित गराएर पाखा लगाइएको छ । यहि कारणले देश स्वार्थ र भ्रष्टाचारको जालोमा फँसेको छ । यति भएर पनि उचित विकल्पको अभावमा लामो समयसम्म यिनै दलहरू नै रोजाईमा पार्ने मतदाताको संख्या ठुलो थियो तर विगतका कर्तुत तथा स्थानीय निर्वाचनमा देखिएको परिणामले गर्दा यी दलहरूप्रतिको मतदाताहरूको वितृष्णा इतिहासमै सबैभन्दा धेरै छ ।

### ख. मधेश - केन्द्रीत दलहरू :

सद्भावना पार्टीलगायतबाट उठ्दै गरेको मधेश मुद्दालाई मधेशी जनअधिकार फोरमले एउटा उचाइमा पुर्यायो । संघीयतालाई संवैधानिक व्यवस्था बनाउन सक्यो । उसको रापतापका कारण अन्य पार्टी छोड्दै सो दलमा समावेश हुनेहरू बढे । संविधानसभामा सो दलको उपस्थिति उल्लेखनिय थियो । विस्तारै सत्ता स्वार्थले मधेश केन्द्रीत दलहरू थपिदै गए, कारण हो, उनीहरूबिचको टुटफुट । मिल्न र फुट्न यिनीहरूलाई केही गाह्रो लाग्दैन । सत्तास्वार्थका लागि जोसँग पनि मिल्ने यिनीहरूको प्रवृति कै कारण तराईको वास्तविक समस्या राष्ट्रिय राजनीतिको मूलधारमा आउनै सकेको छैन ।

### ग. राप्रपा :

पदीय भागबण्डा नमिल्दा राप्रपा फेरि फुटेको अवस्था छ । विचार एकातिर र तालमेल अर्कोतिरको अवस्था राप्रपामा पनि उस्तै छ । राप्रपाका अध्यक्ष जो अन्य पार्टीहरूका नेतालाई सार्वजनिकरूपमा चोर करार गर्थे, उनै अध्यक्ष चुनाव जित्नका लागि तिनै नेतासँग तालमेल गर्न पुगेका छन् । त्यस्तै आफ्नो पार्टीले खारेज नै गर्ने भनेको प्रदेश सभामा सबैभन्दा बढी उम्मेदवार उठाउने पार्टी बनेको छ । प्रदेश खारेजीको मुद्दा राखेर प्रदेशमा उम्मेदवार उठाउनुले मात्रै होइन, राष्ट्रिय राजनीतिमा अस्तित्व जोगाउनकै लागि अर्को पार्टीसँग अस्वभाविक तालमेल गर्नुले यो पार्टीमा पनि अवसरवादी र सम्झौतापरस्त चिन्तन हावी भएको देखिन्छ ।

### घ. गैरदलीय स्वतन्त्र :

गत स्थानीय निर्वाचनपछि स्वतन्त्रहरूको पक्षमा लहर आएको देखिन्छ । तर एकै क्षेत्रमा एक दर्जनसम्म उठेका स्वतन्त्र उम्मेदवारहरूमा को सही स्वतन्त्र भन्ने छुट्याउन गाह्रो छ । दलहरूका बागी तथा स्वतन्त्रका रूपमा उठाइने डमी उम्मेदवारले पनि स्वतन्त्रको पहिचानमा समस्या पारेको देखिन्छ । यसबाहेक संसदीय राजनीतिमा एक्लो व्यक्ति गएर नीतिनिर्माण तहमा कुनै हस्तक्षेप गर्न सक्ने अवस्था रहँदैन । राष्ट्रिय स्वतन्त्र पार्टी स्थापना भएको छोटो अवधिमा नै यो समूहमा रहेका धेरै मानिसहरूलाई समेटिसकेको छ । यद्यपि अझै पनि केही राम्रा मानिसहरू बाँकी छन् । पूरानो राजनीतिक पारा र प्रवृतिविरुद्ध लागेका वा लाग्न चाहेकाहरूका लागि राष्ट्रिय स्वतन्त्र पार्टी बाहेक अन्य भरपर्दो विकल्प छैन । यसैले निर्वाचन अगाडि वा पछाडि यो समूहका राम्रा व्यक्तिहरू राष्ट्रिय स्वतन्त्र पार्टीमा समेटिनेछन् ।

## ८. गत पाँच बर्षको समिक्षा

### क. अस्थिर सरकार :

नेपाली राजनीतिमा विगतदेखि नै रोगको रूपमा रहेको प्रवृतिले पछिल्लो ५ वर्षमा पनि निरन्तरता पाइरह्यो । संवैधानिक व्यवस्थाले नै स्थिर सरकारको व्यवस्था गरे पनि मन्त्रीहरु आलोपालो चल्ने क्रम चलिरह्यो । विज्ञता र कारणले भन्दा पनि पार्टीको गुटगत शक्तिसन्तुलनका लागि मन्त्रीहरु फेरिने भइरह्यो । त्यस्तै, पार्टीभित्रको आन्तरिक विवादकै कारण बहुमत प्राप्त दलले पनि पूरा कार्यकाल काम गर्न सकेन । मुलुकको वृहत्तर विकासलाई पछिल्लो ५ वर्षमा आलोपालो मन्त्री बन्ने तथा सरकार जोगाउनका लागि साना भन्दा साना व्यक्तिगत, गुटगत स्वार्थ हावी हुने प्रवृत्तिले प्रत्यक्ष कुप्रभाव पार्यो । पालैपालो सत्ता सम्हालेका दलहरुको प्रवृति वर्षौंसम्म पनि उस्तै छ भन्ने सबैभन्दा बलियो र प्रष्ट उदाहरण पछिल्लो ५ वर्ष रह्यो ।

### ख. असंवैधानिक संसद विघटन :

पार्टीभित्रको आन्तरिक किचलो र गुटगत तानातानको शिकार संसदलाई बनाइयो । संविधानले दिँदै नदिएको अधिकार प्रयोग गरेर दुई-दुई पल्ट संसदको हत्या गर्ने प्रयास गरियो । आफ्नो व्यक्तिगत, गुटगत र दलगत स्वार्थपूर्तिका लागि मुलुकको जतिसुकै अहित गर्न तथा लोकतन्त्र र विधिलाई निमोठ्न तयार हुने दलहरुको प्रवृति पछिल्लो ५ वर्षमा झन् छर्लङ्ग भयो ।

### ग. एम.सी.सी. मा अन्तराष्ट्रिय सम्बन्ध खेलाँची :

अन्तराष्ट्रिय विषय तथा अन्य देशहरुसँग सम्बन्धलाई खेलाँचीपूर्ण व्यवहार गरियो । मित्रदेशहरुसँग सम्बन्धित मुद्दाहरुमा पनि छद्म र अस्पष्ट सम्बन्ध राख्नाले अन्तराष्ट्रियरुपमा नै नेपालको सम्बन्ध जोखिमपुर्ण बन्यो । यसले पछिल्लो ५ बर्षमा दलहरुको राजनैतिक अपरिपक्कता उदांगो भयो । एम.सी.सी.लाई अन्य विकास सहायता भन्दा अलग रुपमा संसदबाट पारित गरिनु नै यो राष्ट्रहित विपरीत थियो भन्ने स्पष्ट आधार हो । विकास सहायताको नाममा राष्ट्रप्रति प्रतिकुल सम्झौता संसदबाट पारित हुनु ऐतिहाँसिक भुल हो ।

### घ. राजनीतिक स्वार्थपुर्ण नागरिकता विधेयक :

नागरिकता जस्तो नागरिक र राष्ट्रियतामा प्रत्यक्ष असर पार्ने विषयमा पनि दलहरु संवदेनशील देखिएनन् । पाँचौ वर्षको अन्तिममा ल्याइएको विधेयक पनि विवादरहीत हुन सकेन । नेपाली नागरीक पुरुषसँग विवाह गरी आउने विदेशी महिलालाई तत्कालै नेपाली नागरीकता दिने कुरा राष्ट्रहितमा छैन । यसरी विवाह गरी आएकी विदेशी महिलाका लागि स्थायी बसोबास अनुमति पत्र जारी गर्ने र ७ वर्षमा मात्र नागरीकता दिने प्रावधान हुनुपर्ने हाम्रो धारणा छ । दलहरुले नागरीकता विधेयक जस्तो विषयमा राजनितीक खेल खेलेकाले नेपाली नागरीकता पाउनु पर्नेहरुले पनि नागरिकता नपाएर आफ्नै देशमा अनागरिक बन्नु पर्ने अवस्था सृजना भयो ।

### ङ. कोरोनाको कहरमा गैरजिम्मवारी र भ्रष्टाचारको लहर :

कोरोना भाइरसको कहरमा देश ठप्प भएर आर्थिक गतिविधि रोकिने मात्रै भएन, मानिसहरुको मृत्यु र संक्रमणले त्राहिमामको अवस्था थियो । तर त्यस्तो अवस्थामा पनि राज्यका उपल्लो तहमा भएकाहरूमा संवेदनशीलताको अभाव रह्यो । सस्ता तर्क र उडन्ते गफहरुले मानिसहरुमा पनि हुनु पर्ने किसिमको संवदेनशीलता पुग्न सकेन । यसैले लकडाउनले मात्र नपुगेर निषेधाज्ञा लगाउनु पर्यो । राज्यको लापरवाहीमा सयौं मानिसले मृत्युवरण गर्नु पर्यो । कोभिड जाँच गराउन पनि ‘इनफ इज इनफ’ जस्ता आन्दोलनहरु हुनु पर्यो । खसी बाख्रालाई खोरमा थुनेझैं नागरिकलाई थुनियो तर अन्य विकल्प सोचिएन । आफू निकटहरुलाई औषधि र उपकरण किनबेच गर्न दिने प्रपञ्च गरियो । भ्रष्ट्राचारको जालो फैलियो । महामारीको अवस्थामा पनि नागरिकप्रति उत्तरदायी नबन्ने सरकार इतिहासमा सबैभन्दा कलंकित र नालायक हो ।

### च. प्रादेशिक संरचनाको बेहाल :

लगभग सबैजसो प्रदेश सांसदहरुले मन्त्री बन्ने अवसर पाए । मन्त्री बनाउनकै लागि एउटै घरका झ्याल-झ्यालमा मन्त्रालय खोलियो । अनावश्यक प्रदेश मन्त्रालय, सांसदहरुको कारण खर्च बढ्दा नागरिकमाथि करको भार थपियो । नागरिकले कोरोना कहरमा ज्यानको माया मारेर पनि कर तिर्नु पर्ने अवस्था बन्यो। तर पनि नागरिकले प्रदेश सरकारको औचित्य देखेनन् र प्रदेश सरकारको उपस्थितिको आभाष गर्न सकेनन् । प्रदेश नम्बर १ ले दुइ-दुइवटा मुख्यमन्त्री पायो तर पनि नाम पाउन सकेन । वर्तमान प्रादेशिक संरचना राज्यस्रोतको दोहनबाहेक केही पनि होइन भन्ने पछिल्लो ५ वर्षले पुष्टि गर्‍यो ।

### छ. सिसिटिभी फुटेज काण्ड र न्यायलयमा पनि राजनीति :

पछिल्लो ५ वर्षमा बनेको दोश्रो सरकारका पालामा पनि राजनीतिक बेथितिले निरन्तरता पायो । अर्थ विधेयकमा छेडखानीका लागी व्यापारी, व्यवसायी घरानाबाट अनाधीकृत व्यक्तिलाई सिंहदरवारसम्म पहुँच दिइयो । अर्थ विधेयक छेडखानीको कुरा सञ्चार माध्यममा आएपछी, संसदिय छानविन समिति गठन गर्ने, राजीनामा दिने जस्ता नाट्यमञ्चन गरियो तर सिंहदरवारभित्र कै सिसिटिभि फुटेज डिलिट गरेर प्रमाणलाई मेटाएर राजनीतिक निर्लज्जताको पराकाष्टा नाघियो । प्रधानन्याधीससम्मले मन्त्रीमण्डलमा भाग खोजेको कुराहरु परिस्थितिजन्य प्रमाणहरुबाट प्रष्टै भए । न्यायलयको राजनीतिक भागबण्डा नमिलेकै कारण महाअभियोगको नाममा अर्को नाट्यमञ्चन गरियो । यसरी अतिराजनीतिकरणको सिकार न्यायलय पनि बन्न पुग्यो ।

# राष्ट्रिय स्वतन्त्र पार्टीको मार्गदर्शन
# संवैधानिक समाजवाद

मानिस दुई वटा कुराले बनेको हुन्छ : एउटा भौतिक शरीर र अर्को चेतना। मानिस-मानिस मिलेर परिवार बन्छ, परिवार-परिवार मिलेर समाज बन्छ र समाज-समाज मिलेर देश बन्छ। परिवारबाट समाज बन्न मानवीय इतिहासमा धेरै वर्ष लाग्यो होलान् तर जङ्गल युग हुँदै कृषि युगसम्म आइपुग्दा देश बन्न थालिसकेका थिए । यहीँबाट राज्यको आवश्यकता पर्‍यो । राज्यको भूमिका व्यक्ति, परिवार, समुदायको अस्तित्व राखेर तिनलाई एकताबद्ध बनाउनु र सबैलाई राज्यको निर्णय प्रक्रियामा समान अवसर प्रदान गर्नु हो । यही राज्य सञ्चालनका लागि जुन राज्यमा प्रत्येक परिवारले समान अवसर पाउँछ, प्रत्येक समाजले समान अवसर पाउँछ, त्यस्तो राज्य सञ्चालनका लागि एउटा विचार आवश्यक पर्छ, त्यही विचार नै समाजवाद हो । थिति र पद्धतिको आधारमा त्यस्तो राज्य सञ्चालन गर्नु संविधानवाद हो । संविधानवादमा आधारित समाजवाद नै संवैधानिक समाजवाद हो ।

मानिसको भौतिक शरीर गाँस, बाँस, कपासका साथै स्वास्थ्यसँग सम्बन्धित छ र चेतना मानिसको सामाजिक परिवेश, उसले पाउने सूचना र शिक्षासँग सम्बन्धित छ । यस अर्थमा मानिसको बाँच्नका लागी आवश्यक आधारभूत आवश्यकता पूरा गरी समाजमा ततपश्चात् निर्धारण हुने वर्ग र ओहोदामा प्रतिस्पर्धात्मक क्षमताको निर्धारण हुने परिपाटीको समाज निर्माण गर्नु नै राज्यको भूमिका हो । जङ्गल युग हुँदै, कृषि युग, उद्योग युग र आजको प्रविधि युगसम्म आइपुग्दा पनि मानिसको भौतिक शरीर रक्षाका लागि गाँस, बाँस, कपास, शान्ति सुरक्षा र स्वास्थ्य न्यूनतम आवश्यकता रही आएका छन् । त्यस्तै चेतनाका लागी सूचना, संस्कार र शिक्षा न्यूनतम आवश्यकता रही आएका छन् । समाजवादी राज्यमा राज्यले आम नागरिकको भौतिक शरीर र चेतनाको रक्षा र विकासका लागी काम गर्नेछ । चेतना विकासका लागी भोलिका दिनमा इन्टरनेट जस्ता कुराहरू पनि अनिवार्य आवश्यकतामा पर्दै जालान् । अन्य कुराहरु पनि थपिँदै जालान्। तर आजको नेपाली नागरिकको भौतिक शरीर रक्षाका लागि पनि गाँस, बाँस, कपास, शान्ति सुरक्षा र स्वास्थ्य अनिवार्य आवश्यकताहरु हुन् । यी अनिवार्य आवश्यकताका वस्तु र सेवामा अनिवार्य रूपमा नेपाली समाज र प्रत्येक नेपाली परिवारलाई समान पहुँच, समान अवसर र समान उपलब्धता हुनु पर्नेछ । वर्तमान परिवेशमा र परिस्थितिमा यो सम्भव नभएको अवस्था छ र आजको भोलि नै यसलाई सम्भव गराइहाल्ने सम्भावना पनि छैन । यद्यपि, समाजलाई उक्त कार्यदिशातर्फ हिँडाउँदै नेपालमा संवैधानिक समाजवादी राज्य स्थापना गर्नु नेपाली राज्यको दायित्व हो ।

समाजवादी कार्यदिशामा नेपाली इतिहासमा भएका विचारका अनेक द्वन्द्वमा पनि खासै विरोध दस्तावेजीकरण भएका छैनन् तर समाजवादको परिभाषामा विचारकहरुमा मतभेद देखिन्छ। कुनै परीक्षण त्यस्तो विकसित भएको छैन जसले कुन चाहीं विचार बढी समाजवादी भन्न सकोस् । यद्यपि इतिहासमा राज्यले गरेका निर्णय र त्यसले आज र हिजोको दिनमा देखाएका परिणामलाई केलाउँदा कस्ता कार्यक्रम र निर्णय समाजवादको पक्षमा थिएनन् भनेर निर्क्योल गर्न सकिन्छ । तथापि यस्ता निर्क्योलका व्याख्यामा पनि विचारकहरुबिच एकरुपता देखिन्न, जसले मूलत: समाजवादी राज्य विकासमा तगाराहरु सिर्जना गरेका छन् । यसर्थ, यस्ता निर्क्योल कुनै व्यक्ति वा व्यक्तिका सीमित समूहले नभएर त्यसलाई सकेसम्म धेरै व्यक्तिहरुको विवेकी निर्णयले विचार मन्थनका विरोधाभास र विवादहरुलाई निर्मूल पारी ठोस निर्णय गराउनेछ । समाजवादी विकासमा मूलत: टेवा दिनेछ र समाजवादतर्फ अघि बढाउने निर्णयहरुको अपनत्व पनि समाजले लिनेछ ।

डिजिटल डेमोक्रेसीका माध्यमबाट प्रत्येक व्यक्ति हुँदै समाजसम्मलाई यस्ता निर्णयाधिकारमा समावेश गराउन सकिनेछ । डिजिटल डेमोक्रेसी अर्थात् आङ्कीक लोकतन्त्र भनेको डिजिटल उपकरण र माध्यमबाट जनमत लिने मात्र भनेको होइन कि, सकेसम्म जुन सुकै माध्यमबाट पनि प्रत्येक जनताको मत लिई, जनमतका आधारमा निर्णय लिनु हो । अर्थात् समाजवादी कार्यदिशा के हो, समाजवादी कार्यक्रम के हुन् वा को व्यक्तिले यसको नेतृत्व लिन्छ भनेर निर्णय गर्ने अन्तिम जिम्मा स्वयम् जनताको हुनेछ । यसरी सबैका लागि समान विधि र पद्धतिका आधारमा विचारको अन्तिम छिनोफानो गर्ने विचार संविधानवाद हो । समाजवादी कार्यदिशा के हो, समाजवादमा कार्यक्रम के के आवश्यक छन् भन्ने टुंगो गर्ने तथा समाजका अनिवार्य आधारभूत आवश्यकताको निर्धारण पारदर्शी, जवाफदेही लोकतान्त्रिक विधिबाट हुने बनाउन जरुरी छ । यसरी संवैधानिक विधिबाट जनादेश लिई समाजवादको दिशामा समाजलाई अघि बढाउन राज्यलाई चाहिने मार्गदर्शक सिद्धान्त हो - संवैधानिक समाजवाद।

नेपाली इतिहासमा वैचारिक मन्थन नभएका होइनन् । हाम्रो मुलुकमा शताब्दी लामो बहसपछि नै एक प्रकारको सहमतिबाट नै नेपालको संविधान २०७२ मा समाजवादी कार्यदिशालाई अङ्गीकार गरियो । शिक्षा, स्वास्थ्य, समानता, रोजगारी लगायतलाई मौलिक हकको रूपमा संविधानमा लिपिबद्ध गरिएको छ । नेपालको संविधानमा गरिएको समाजवादमा थप विवाद नगरी, समाजवादको व्याख्यामा बरु लोकतान्त्रिक विधि र पद्धतिको अनुसरण गर्दै ७० वर्षदेखि जनतासँग गरिएका वाचालाई पूरा गर्नु नै नेपाल समाजवादको गन्तव्यतर्फ अघि बढ्नु हो । जनतालाई देखाइएका सपनाहरु पूरा गर्नुको साटो नयाँ नयाँ सपनाहरु थप्दै जाने प्रचलन नेपालमा व्याप्त रहे । यसर्थ अब थप नयाँ वाचा नगरी, कम्तीमा लिखितम् रूपमा गरिसकिएका, संविधानमा नै लिपिबद्ध गरिसकिएका वाचाहरु पूरा गर्ने बेला हो। तिनलाई व्यवहारिकरुपमा उपलब्ध गराएर आम मानिसले दैनिकीमा अनुभव गर्न सक्ने बनाउनु हो । यही हो नेपालका लागि आवश्यक आजको संवैधानिक समाजवाद ।

# निर्वाचन प्रक्रियामा सुधार

## - लोकतन्त्रको बलियो आधार

**"आम निर्वाचनहरूमा बढीभन्दा बढी नागरिक सहभागितालाई प्रवर्द्धन गर्न राष्ट्रिय स्वतन्त्र पार्टी निम्न वाचा गर्दछ ।**

१. हाल बसोबास गरिरहेकै ठाउँ (देश वा विदेश) बाट आफ्नो स्थायी बसोवास रहेको निर्वाचन क्षेत्रका लागि मतदान गर्ने व्यवस्था "अनुपस्थित मतदान पद्धति" (Absentee Ballot) लागू गरिनेछ ।

२. नयाँ जनमतका लागि निर्वाचनमा जाँदा अघिल्लो चुनावकै मत संख्याका आधारमा मतपत्रमा चुनाव चिन्हको क्रमाङ्क निर्धारण गर्नु न्यायोचित नहुने भएकाले गोला प्रथाबाट क्रमाङ्क तय गरिनेछ ।

३. "राइट टु रिजेक्ट" (कसैलाई भोट दिन्न भनी मत दिने अधिकार), "राइट टु रिकल" (जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार) व्यवस्था अनिवार्य लागू गरिनेछ ।

४. राष्ट्रिय निर्वाचनहरूमा विद्युतीय मतदान यन्त्र (इलेक्ट्रोनिक भोटिङ मेसिन) प्रयोग गरिनेछ ।

५. संवैधानिक व्यवस्था अनुसार प्रत्यक्ष निर्वाचनमा न्यूनतम ३३ प्रतिशत महिला उम्मेदवार कायम नगर्ने दललाई चुनावी प्रक्रियामा सहभागी हुन नदिने व्यवस्था गरिनेछ ।

**अनुपस्थित मतदान पद्धति**

**राइट टु रिकल**

**राइट टु रिजेक्ट**

# सुशासन : जनताका लागि

## - सरकार सञ्चालन

"

**झन्झटरहित सरकारी सेवाका लागि राष्ट्रिय स्वतन्त्र पार्टीले जिम्मेवार, प्रभावकारी र पारदर्शी सरकार सञ्चालनको वाचा गर्दछ ।**

१. जिल्ला अदालतमा दर्ता हुने विशेष प्रकृतिका मुद्दाहरू (जस्तैः घरेलु तथा यौनजन्यहिंसा, बलात्कार, वृद्ध तथा बालवालिकाका मुद्दाहरू ९० दिन भित्र र अन्य मुद्दाहरू १ वर्ष भित्र अनिवार्यरुपमा र सोही मुद्दाहरू उच्च तथा सर्वोच्च अदालतबाट ६ महिनामा टुंग्याउने व्यवस्था गरिनेछ ।

२. सबै सरकारी सेवाहरू तोकिएको समयमा प्रदान गर्नका लागि अनिवार्य "टाइम कार्ड" लागू गरिनेछ । निर्धारित समयभित्र सेवा प्रदान नगर्ने कार्यालय तथा सरकारी कर्मचारीलाई दण्डित तथा लक्षित नतिजा हासिल गर्नेलाई पुरस्कृत गरिनेछ । तोकियको समयमा सेवा नपाउने सेवाग्राहीलाई क्षतिपूर्ति दिइनेछ ।

३. सरकारी कामकाजका लागि भर्नुपर्ने कागजातहरू सरल बनाई सम्बन्धित कार्यालयबाट नै नि:शुल्क भराउने व्यवस्था गरिनेछ ।

४. राज्यका निकायहरुमा हुने राजनीतिक नियुक्ति राजनीतिक पुर्वाग्रह नराखी प्रतिस्पर्धात्मक क्षमताका आधारमा गरिनेछ । यस्ता नियुक्तिहरुमा हुन सक्ने नातावाद, कृपावाद जस्ता स्वार्थहरू छानविन गर्न शक्तिशाली संयन्त्र बनाइनेछ ।

५. निजामती कर्मचारीहरूको आधारभूत आवश्यकता (परिवारको शिक्षा, स्वास्थ्य, सञ्चार-फोन, इन्टरनेट), मनोरञ्जन (आन्तरिक पर्यटन) पूर्ति सुनिश्चित गरिनेछ ।

# भ्रष्ट्राचार गरिन्न
## - गर्नेलाई छाडिन्न

**“**
**भ्रष्ट्राचार देश विकासको प्रमुख बाधक भएकाले यस विरुद्ध निर्मम रूपमा प्रस्तुत हुने वाचा गर्दछौं ।**

**१. कानुन अनुसार गर्नुपर्ने काम नगरे वा ढिलो गरे अनि नगर्नुपर्ने काम गरे त्यसलाई पनि भ्रष्ट्राचार मानी दण्डित गरिनेछ ।**

**२. भ्रष्ट्राचारका मुख्य अपराधीसँगै मतियारहरूलाई समेत समान कारवाही गरिनेछ ।**

**३. भ्रष्ट्राचार सम्बन्धी सूचना दिने सूचकलाई प्रोत्साहन तथा संरक्षण गर्न सूचक संरक्षण ऐन (Whistleblowers Protection Act) बनाई लागू गरिनेछ ।**

**४. भ्रष्ट्राचार नियन्त्रणका लागि अख्तियार दुरूप्रयोग अनुसन्धान आयोग अर्न्तगत विशिष्ट Anti-Corruption Police को व्यवस्था गरिनेछ ।**

**५. भ्रष्ट्राचारी आशंका गरिएका र देशव्यापी विवाद बहस भएका मुद्दाका फाइलहरू खोलिने छन् । जसमा निम्नलाई विशेष प्राथमिकतामा राखिने छ:**

- ललिता निवास सरकारी जग्गा किनबेच काण्ड
- वाइड बडी विमान खरिद काण्ड
- कोभिड भ्याक्सिन खरिद काण्ड
- यति र ओम्नी काण्ड
- “बेटी पढाउ, बेटी बचाउँ” का लागि साइकल खरिद काण्ड
- प्रिन्टिङ प्रेस खरिदको ७० करोड रुपैयाँ काण्ड
- बुढीगण्डकी जलविद्युत आयोजना काण्ड
- र अन्य सबै साना ठूला काण्डहरू

# लैंगिक विभेदको अन्त्य

## – - अधिकार, अवसर अनि आत्मसम्मानको अन्तिम गन्तव्य

**"राष्ट्रिय स्वतन्त्र पार्टीले महिला तथा अन्य लिंगका व्यक्तिहरूलाई समाजमा स्वतन्त्र, आत्मनिर्भर र सम्मानित बनाउँदै समाज विकासको मूलधारमा स्थापित गराउने वाचा गर्दछौं ।**

**१. लैंगिक विभेद अन्त्य गरी नराखी सम्पूर्ण सरकारी कागजात र सेवाहरू सहज रूपमा प्राप्त गर्ने व्यवस्था गरिनेछ ।**

**२. महिला तथा अन्य लिंगका लागि सुरक्षित समाज निर्माणलाई उच्च प्राथमिकतामा राखी पहिलो चरणमा निम्न कार्य गरिनेछ :**

- मुख्य सहरहरूमा चौबिसै घण्टा नि:शुल्क ब्लु बस (Free Blue Bus) सञ्चालन ।
- सबै खालका हिंसा र असुरक्षित सामाजिक प्रचलन विरुद्ध हरेक पालिकामा मनोपरामर्शदाता, अधिवक्ता, सुरक्षाकर्मी सहितको अत्याधुनिक सुविधा सम्पन्न आवसीय गृहहरु स्थापना ।

**३. महिलाद्वारा सञ्चालित व्यवसायका (कम्तीमा ६० प्रतिशत स्वामित्व र कर्मचारी:न्युनतम ३ वर्ष देखि) लागि १० अर्बको 'महिला नेतृत्व उद्यमी कोष' र अन्य लैंगिक समूहद्वारा सञ्चालित व्यवसाय (६० प्रतिशत स्वामित्व र कर्मचारी:न्युनतम ३ वर्ष) लाई टेवा दिन '१ अर्बको अन्य लैंगिक नेतृत्व उद्यमी कोष' स्थापना गरिनेछ । यस्तो कोषको समुचित प्रयोग गर्न सीपयुक्त, आधुनिक र आयमूलक गतिविधि तथा व्यावसायिक तयारीलाई सहजीकरण गर्ने गरी प्रत्येक पालिकामा आधुनिक तालिम केन्द्र स्थापना गरिनेछ ।**

**४. महिलाको जीवनका विभिन्न चरणहरू - यौवनावस्था, गर्भवती र रजोनिवृत्ति (Menopause) र अन्य लिंगका लागि आफ्नो लैंगिक पहिचान खुल्ने सहज वातावरण, सामाजिक स्वीकार्यता जस्ता विभिन्न पक्षहरूमा चौबिसै घण्टा परामर्श प्रदान गर्ने गरी एक-एकवटा महिला हटलाइन र अन्य लिंग हटलाइन सेवा हरेक प्रदेशमा सञ्चालन गरिनेछ ।**

**५. लिंगका आधारमा पारिश्रमिकमा विभेद गर्नेलाई कडा कारवाही गरी "समान कामको समान ज्याला"को प्रत्याभूत गरिनेछ ।**

| | | |
|---|---|---|
| २४/७ | १० | ०१ |
| महिलाका लागि नि:शुल्क ब्लु बस | अर्बको महिला नेतृत्व उद्यमी कोष | अर्बको अन्य लैंगिक नेतृत्व उद्यमी कोष स्थापना |

# बहुआयामिक सामाजिक सुरक्षा;
## - नेपालीको न्यूनतम अपेक्षा

**“**

**नागरिकलाई राज्यको अभिभावकत्व महसुस हुने गरी सामाजिक सुरक्षाको दायरा बढाएर लक्षित वर्गलाई समेट्ने वाचा गर्दछौं ।**

### १. न्यूनतम जीवनस्तरको प्रत्याभूति

- गरिबीको रेखामुनी रहेका नागरिक तथा परिवारलाई आधारभुत खाद्यान्न पुऱ्याउन “रासन कार्ड” को व्यवस्था गरिनेछ । न्यून आय भएका परिवारलाई सहयोग पुऱ्याउन सरकारद्वारा हरेक वडामा खाद्य केन्द्रहरु सञ्चालन गरिनेछ ।
- वार्षिक रुपमा नेपाल सरकारको आठौं तहको तलबमान बराबरसम्म कमाउनेले आयकर तिर्न नपर्ने व्यवस्था राखिनेछ।
- निजी क्षेत्रमा श्रम अनुसार पारिश्रमिक उपलब्ध गराउन न्युनतम पारिश्रमिक हाल कायम रु.१५,००० लाई मूल्यवृद्धिसँग समायोजन गरी घण्टा अनुसार पारिश्रमिक भुक्तानी प्रणाली कडाईका साथ लागू गरिनेछ ।

| हरेक वडामा | गरिबको लागि | करुणा कोष |
|---|---|---|
| **खाद्य केन्द्र** | **रासन कार्ड** | **५ अर्ब** |

**२. निजी क्षेत्रसँगको साझेदारीमा बिमा मार्फत् सामाजिक सुरक्षाको सञ्जाल बनाइनेछ । सामाजिक सुरक्षाको पुन:संरचना गरेर हरेक नेपाली वृद्धावस्थामा आर्थिक रुपमा आत्मनिर्भर बनाउने तर्फ पहल गर्न सामाजिक सुरक्षा कोषमा सबै नेपालीलाई आबद्ध गरिनेछ ।**

**३. अनाथ, जेल परेका बाबुआमाका सन्तान, पीडक अभिभावकबाट बालबालिकालाई सुरक्षित राख्न जनचेतना, दुर्व्यवहार पत्ता लगाउने प्रशिक्षित जनशक्तिको निर्माण, बालसेवा गृह, बालपोषण लगायतका प्रणालीका माध्यमबाट “बालबालिका संरक्षण सेवा” सुरु गरिनेछ ।**

**४. मानव बेचविखनमा परेका, घरेलु हिंसा पीडित, दुर्व्यवहारमा परेका, एसिड आक्रमण पीडित व्यक्तिको पुन:स्थापनाका लागि ५ अर्बको “करुणा कोष” स्थापना गरिनेछ ।**

**५. पक्षघात भएका, हिंडडुल गर्न नसक्ने, अपाङ्ग तथा वृद्धहरूका लागि घरैमा स्वास्थ्य सेवा तथा सरकारी सेवाहरू पुऱ्याइनेछ ।**

# सामाजिक न्याय र समावेशीकरण

## - लक्षित वर्गको सबलीकरण

**"भविष्यमा कसैलाई पनि आरक्षण नचाहिने समाजको कल्पना राष्ट्रिय स्वतन्त्र पार्टी गर्दछौं ।**

१. आरक्षणलाई अझ बढी वैज्ञानिक बनाउन हरेक आरक्षण क्लस्टरभित्र रहेका सिमान्तकृतहरूलाई प्राथमिकतामा पहिलो लाभ पुग्ने गरी विद्यमान आरक्षण व्यवस्थाको पुर्नसंरचना गरिनेछ ।

२. सबै सार्वजनिक कम्पनीहरूको कार्य समितिमा कम्तीमा ३३ प्रतिशत "महिला र अन्य लिंग" अनिवार्य हुनुपर्ने व्यवस्था दुई वर्षभित्र लागू गरिनेछ ।

३. न्युन प्रतिनिधित्व भएका, दलित तथा सीमान्तकृत समुदायहरूलाई लक्षित गरी सिपमूलक तथा उद्यम तालिमका लागि १ अर्बको "समावेशी तथा समन्याय कोष" को स्थापना गरिनेछ ।

**आरक्षणको पुर्नसंरचना**

सिपमुलक तथा उद्यम तालिमका लागि
**01 अर्ब**
समावेशी तथा समन्याय कोषको स्थापना

कार्य समितिमा कम्तीमा
**33%**
महिला अनिवार्य हुनुपर्ने

४. आरक्षित समूहलाई कम्तीमा ५० प्रतिशत रोजगार दिने संस्थाहरूलाई ५० प्रतिशत व्यवसाय कर छुट दिइनेछ ।

५. जातीय र लैंगिक विभेद तथा हिंसाका बहुआयामिक पक्षहरूलाई समेट्ने गरी विद्यमान कानुनलाई पुनसंरचना गरेर कार्यान्वयन गर्ने नीति बनाइनेछ ।

आरक्षित समूहलाई कम्तिमा
**50%**
रोजगार दिने संस्थाहरूलाइ
**50%**
व्यवसाय कर छुट

# उत्कृष्ट शिक्षा अनि संस्कार

## - देश विकासको बलियो आधार

**"**

**राष्ट्रिय स्वतन्त्र पार्टीले शिक्षालाई आधुनिक, मौलिक, व्यवहारिक र नैतिक बनाउँदै यस सम्बद्ध व्यक्ति र संस्थाहरुलाई आवश्यक सुविधा प्रदान गर्ने वाचा गर्दछौं ।**

### १. विद्यालय शिक्षा ऐन लागू गरी सरकारी विद्यालय शिक्षामा निम्न परिवर्तन ल्याइनेछ:

- शिशु शिक्षालाई अन्तर्राष्ट्रिय मापदण्डमा पुऱ्याउन पर्याप्त जनशक्ति र आर्थिक स्रोतसम्पन्न ३ वर्षको अनिवार्य प्रारम्भिक शिक्षा (कक्षा १ प्रारम्भ हुनुअघि) लागू गरिनेछ ।
- मातृभाषा र नेपाली भाषाको शिक्षा अनिवार्य गरी, इतिहास, सामाजिक अध्ययन जस्ता विषय मातृभाषा वा नेपालीमा अध्यापन गराई अन्य प्राविधिक विषयहरु (विज्ञान, गणित, कम्प्युटर विज्ञान, लेखा, आदि) अंग्रेजी माध्यममा अनिवार्य अध्यापन गराइनेछ ।
- जीवनोपयोगी तथा नैतिक अनुशासनका विषयहरु कक्षा १ बाट र वयस्क तथा यौन स्वास्थ्य विषय कक्षा ६ देखि अनिवार्य गरिनेछ ।
- शैक्षिक सत्र सुरु हुनुभन्दा पहिले नै हरेक विद्यार्थीको हात हातमा पाठ्यपुस्तक पुऱ्याइनेछ । यसमा व्यवधान पुऱ्याउने नीतिगत तथा संरचनागत प्रक्रिया, संस्थाहरुप्रति शून्य सहनशीलता अपनाइनेछ।
- विद्यार्थीहरुको उमेरगत मानसिक, शारीरिक आवश्यकता पूरा गर्न विश्व स्वास्थ्य संगठनले तोके बमोजिमको पौष्टिकता प्रदान गर्ने गरी पहिलो चरणमा कक्षा ८ सम्म दिवा खाजा कार्यक्रम अनिवार्य गरिनेछ ।
- शिक्षकको वृत्ति विकासका लागि निम्न कार्य गरिनेछ:
  - मासिक तलब
  - समय सान्दर्भिक, अद्यावधिक तालिम
  - परिवारको शिक्षा, स्वास्थ्य, यातायात आदि आधारभूत आवश्यकतामा सहुलियत
  - विद्यार्थीको बहुआयामिक प्रगतिमा आधारित वित्तीय तथा गैर वित्तीय प्रोत्साहन

### २. नेपालका विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धात्मक बनाउन नीतिगत समन्वयन गर्ने गरी विश्वविद्यालय शिक्षा ऐन पारित गरिनेछ । यसै ऐन अन्तर्गत :

- सम्बन्धन बोर्ड (Accreditation Board) गठन गरिनेछ, जसले नेपाली विश्वविद्यालयहरूलाई नियमन गर्नेछ ।
- सिधै विश्वविद्यायलय स्थापना गर्ने प्रक्रिया बन्द गरी क्षमता भएका शिक्षालयलाई निश्चित समयका लागि मानार्थ विश्वविद्यालय (Deemed University) का रुपमा सम्बन्धन दिई गुणस्तर मापनपश्चात् मात्र विश्वविद्यालयको मान्यता दिने प्रक्रिया सुरु गरिनेछ ।
- विश्वविद्यालय परिषद् गठन गरी त्यसको प्रमुख प्रतिस्पर्धाबाट चयन गरिनेछ ।
- विश्वविद्यालयमा हुने अति राजनीतिकरण अन्त्य गर्न प्रधानमन्त्रीलाई कुनै पनि विश्वविद्यालयको कुलपति बनाउने व्यवस्था खारेज गरिनेछ । विश्वविद्यालय परिषद्द्वारा क्षमता, योग्यता, वरिष्ठता र योगदानका आधारमा कुलपति नियुक्त गरिनेछ।
- नेपाली विश्वविद्यालयहरुको विदेशी विश्वविद्यालयहरुसँगको सहकार्य तथा नेपालमा विदेशी विश्वविद्यालयहरुको आङ्गिक क्याम्पसहरु र विदेशी डिग्री कार्यक्रमहरु सञ्चालन गर्न अनुमति सरल गरिनेछ ।
- विदेशमा कार्यरत् नेपाली मूलका प्राध्यापकहरु र अनुसन्धानकर्ताहरुलाई एकल सेमेस्टर वा स्थायी रुपमा नेपाल फर्कने अवसरहरु प्रदान गर्न पहलकदमी गरिनेछ ।

### ३. अपांगता एंवम फरक क्षमता भएका बालबालिकाका लागि पूर्वाधारयुक्त विशेष आवासीय विद्यालयको व्यवस्था हरेक प्रदेशमा गरिनेछ ।

### ४. स्वाध्याय तथा अनुभवबाट सीप सिकेका प्राविधिक जनशक्तिलाई प्रमाणीकरण गरी मूलधारको शिक्षाको समकक्षता (Equivalent) प्रदान गरिनेछ । 'भविष्यका लागि तयार जनशक्ति योजना' अन्तर्गत स्टेम (STEM - Scientific Technology Engineering & Mathematics) शिक्षामा आधारित वार्षिक ५० हजार जनशक्ति तयार गर्न सातै प्रदेशमा स्टेम केन्द्र स्थापना गरिनेछ ।

### ५. विद्यार्थीले भविष्यमा कमाएर भुक्तान गर्ने गरी नेपालमै स्नातक र उच्च अध्ययन गर्नेका लागि सरकारबाट जमानी बसी बिना धितो शिक्षा कर्जा उपलब्ध गराउनेगरी आर्थिक संयन्त्रको स्थापना गरिनेछ ।

# बलियो स्वास्थ्य सयंत्र

## - हाम्रो मुख्य मन्त्र

"

**गुणस्तरीय स्वास्थ्य सेवाको नागरिक अधिकार प्रत्याभूतिमा राष्ट्रिय स्वतन्त्र पार्टी सधैं प्रतिबद्ध रहनेछ ।**

**१. स्वास्थ्य सेवामा सबै नेपालीको समान पहुँचका लागि निम्न कार्यहरू गरिनेछ:**

- एकल भुक्तानी प्रणाली (Single Payer System) लागू गरी नागरिकको स्वास्थ्य खर्चको एक मात्र भुक्तानीकर्ता बनाइनेछ ।
- प्रत्येक प्रदेशमा अत्याधुनिक प्रयोगशाला र ७५० शैय्याको विशिष्ट विज्ञ सहितको अन्तर्राष्ट्रियस्तरको अस्पताल; जिल्लामा इन्टरनल मेडिसिन, प्रसुति तथा स्त्री रोग, एनेस्थेसिया, फिजिसियन, बालरोग, हाडजोर्नी, सामान्य शल्य चिकित्सा र मानसिक रोगको विज्ञ चिकित्सकसहित ५०-१०० शैय्याको अस्पताल; प्रत्येक पालिकामा न्यूनतम एक चिकित्सकसहित ६-२५ शैय्याको आधारभूत अस्पताल र प्रत्येक वडामा औषधालयसहितको सामुदायिक क्लिनिक स्थापना तथा स्तरोन्नति गरिनेछ ।
- परम्परागत उपचार पद्धतिको महत्वलाई विश्वव्यापी गर्न सातै प्रदेशमा सुविधासम्पन्न आयुर्वेदिक तथा प्राकृतिक चिकित्सालय स्थापना गरिनेछ ।

**२. एम्बुलेन्स ऐनअन्तर्गत केन्द्रीकृत एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ । विद्यमान र नयाँ एम्बुलेन्सलाई एउटै छातामुनि ल्याई आवश्यक सामग्री र आकस्मिक स्वास्थ्यकर्मी (paramedic) सहितको राष्ट्रिय एम्बुलेन्स सेवा स्थापना गरिनेछ, जसमा पहिलो चरणमा ३५ हवाई र ७५३ सडक एम्बुलेन्स थपिनेछन् ।**

**३. आकस्मिक मेडिकल उपचार तथा प्रसव ऐन (Emergency Medical Treatment Labor Act EMTALA) अनिवार्य लागू गरिनेछ, जसले अस्पतालको आकस्मिक विभागमा आउने कुनै पनि बिरामी वा गर्भवती महिलालाई उसको बिमा स्थिति वा तिर्ने क्षमताको मतलब नगरी प्रक्रियागत झन्झट बिना जीवन रक्षा गर्न अनिर्वाय स्वास्थ्य उपचारको ग्यारेन्टि गर्दछ । यसको पालना नगर्ने संस्थाले आकस्मिक विभाग सञ्चालन गर्ने अनुमति रद्ददेखि आर्थिक तथा कानुनी दण्ड बेहोर्नु पर्नेछ ।**

**४. स्वास्थ्य क्षेत्रको नियमन र स्तरोन्नति गर्न निम्न स्वायत्त स्वास्थ्य बोर्ड स्थापना/सशक्तिकरण/मर्जर गरिनेछ:**

- स्वास्थ्य गुणस्तर सुनिश्चितता तथा प्रत्यायन बोर्ड (Health Quality Assurance and Accreditation Board) गठन ।
- खाद्य विभाग र औषधि व्यवस्था विभागलाई गाभेर "नेपाल खाद्य तथा औषधि विभाग" (Nepal Food and Drug Department) गठन ।
- स्वास्थ्य विज्ञहरु मात्र रहने गरी शक्तिशाली केन्द्रीय रोग नियन्त्रण बोर्ड (Central Disease Control Board) गठन ।
- औषधि (परम्परागत र आधुनिक), खोप तथा उपकरणहरुको अनुसन्धान, विकास, नियमन गर्न स्वास्थ्य आविष्कार तथा विकास बोर्ड (Health Innovation and Development Board) गठन ।

**५. स्वास्थ्यकर्मीहरूका लागि छुट्टै स्वास्थ्य श्रमिक ऐन बनाइनेछ । सार्वजनिक तथा सरकारी स्वास्थ्य सेवामा रहेका दरबन्दी, न्यून पारिश्रमिक, तहगत समस्या लगायतलाई सम्बोधन गर्ने गरी समयानुकूल स्वास्थ्य सेवा ऐन बनाई लागू गरिनेछ ।**

| | | |
|---|---|---|
| **एकल भुक्तान प्रणाली** | **राष्ट्रिय एम्बुलेन्स सेवा** | **EMTALA अनिवार्य लागू** |

# मानसिक स्वास्थ्य

## - सद्भाव अनि अपनत्व

**"मानसिक रोग पनि अन्य रोग जस्तै हो भन्ने सचेतना प्रसार गरेर यसको रोकथाम तथा निदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।**




१. आत्महत्याको प्रयासलाई अपराधका रूपमा परिभाषित गर्ने कानुन संशोधन गरी आत्महत्यालाई मानसिक समस्याका रूपमा परिभाषित गर्दै पीडितलाई समाधान खोज्न परामर्श, उपचार र पुन:स्थापना गर्ने व्यवस्था गरिनेछ । आत्महत्या रोकथाम संयन्त्रलाई सबल बनाइनेछ । जोखिममा रहेकालाई सहयोग गर्न चौबिस घण्टे हटलाइन (श्रृव्य वा दृश्य माध्यम) को व्यवस्था गरेर आत्महत्याको प्रयासलाई रोक्न तथा राज्यको साइबर क्षमताको उपयोग गरेर उद्धार क्षमता बढाइनेछ ।

२. योग्य, तालिम प्राप्त परामर्शदाता तथा मनोविज्ञहरू र मनोरोग परामर्शदाताहरू उत्पादन गर्न विशेष लगानी गरिनेछ र सबै नेपालीहरूलाई सुलभ रूपमा परामर्श सेवा प्रदान गरिनेछ ।

३. सबै शैक्षिक तहमा शारीरिक शिक्षा जस्तै मानसिक स्वास्थ्य विषय समावेश गरी मानसिक स्वास्थ्यमा सम्बन्धमा प्रभावकारी जनचेतना विस्तार गरिनेछ ।

४. हरेक प्रदेशमा मानसिक स्वास्थ्य अस्पताल तथा परामर्श केन्द्रहरू स्थापना गरिनेछ । यसका साथै मानसिक समस्याका कारण सडकमा पुगेका व्यक्तिहरूका लागि हरेक प्रदेशमा आवसिय पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ ।

५. निजामती कर्मचारी, नेपाल प्रहरी, ट्राफिक प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, शिक्षक, सञ्चारकर्मीहरूलाई मानसिक रूपमा स्वस्थ बनाउन तथा मनोबल उच्च राख्न अर्धवार्षिक रूपमा उपयुक्त तालिम, सामुहिक परामर्श लगायतका गतिविधिहरू सञ्चालन गरिनेछ ।

# कृषिमा क्रान्ति
## - जन-जनमा समृद्धि अनि शान्ति

**"**

**कृषकको हित रक्षार्थ, कृषिलाई व्यावसायिक बनाउन धेरैभन्दा धेरै कृषि उपजहरुमा आत्मनिर्भर बनाउनेछौं ।**

**१. राष्ट्रिय कृषि ग्रिड (National Agriculture Grid) को स्थापना गरी कृषि उत्पादन, भण्डारण र वितरणका विभिन्न पक्षहरुमा आमुल परिवर्तन ल्याई ५ वर्षभित्र किसानको आय दोब्बर बनाउन निम्न काम गरिनेछन् :**

- कृषिलाई आधुनिकीकरण गर्न, बाँझो जग्गा सदुपयोग गर्नका साथै खाद्य सुरक्षा र आत्मनिर्भरता हासिल गर्न कृषि भूमि बैंकको स्थापना गरिनेछ।
- मलको आवश्यकता सम्बोधन हुने गरी वार्षिक ५ लाख टन उत्पादन क्षमताको रासायनिक मल कारखाना स्थापना गरिनेछ। यसै गरी स्थानीय तहमै जैविक फोहोरको व्यवस्थापन गर्ने गरी प्रत्येक पालिकामा न्यूनतम एउटा जैविक मल कारखाना स्थापना गरिनेछ ।
- "एक क्षेत्र, एक बाली, किसानको जीवनमा खुशीयाली" योजना अन्तर्गत तोकिएको बाली लगाउने किसानको उत्पादनको मुनाफाको ग्यारेन्टी राज्य स्वयमंले गर्नेछ ।
- कृषि योग्य जमिनमा सिंचाईको सुविधा पुऱ्याउन स्थानीय स्तर मा सिंचाईको स्रोत खोजी राष्ट्रिय स्तरमा नदी पथान्तरणको योजना, नवीन प्रविधिको प्रयोग आदि गरिनेछ।
- हरेक पालिकामा कम्तीमा एउटा भण्डारण तथा थोक विक्री केन्द्र स्थापना गरिनेछ ।

**५ लाख**
**टन उत्पादन क्षमताको रासायनिक मल कारखाना स्थापना**

**एक क्षेत्र, एक बाली, किसानको जीवनमा खुशीयाली**

**कृषि बजारीकरण बोर्डको गठन**

- स्थानीय रुपमा उत्पादित अन्न तथा पैदावारहरुमा आधारित उद्योग अनिवार्य स्थापना गरिनेछ। यस्ता उद्योगहरुले विभिन्न कर छुट, ब्याजरहित कर्जा, अनुदान लगायतका सेवा-सुविधा पाउनेछन् ।
- प्रत्येक पालिकामा कृषि र पशु प्राविधिक सहितको सेवा केन्द्रको व्यवस्था गरिनेछ । यस केन्द्रले औषधि, औजार उपकरण, बिऊ आदिको थोक बिक्री केन्द्रको रुपमा पनि काम गर्नेछ ।

**२. कृषकहरुलाई आर्थिक तथा प्राकृतिक विपत्तिबाट सुरक्षित राख्न कृषि बिमा र सामाजिक सुरक्षा कोषको व्यवस्था गरिनेछ ।**

**३. मित्र राष्ट्रहरुमा सोझै निर्यात गर्ने कृषि उत्पादनहरुको पहिचान, व्यवसायीकरण र प्रमाणीकरण (अर्गानिक लगायतका) गर्न उच्चस्तरमा कूटनीतिक पाइला चालिनेछ । निर्यात सहज गर्न मुख्य नाकाहरुमा आधुनिक क्वारेन्टाइन सेन्टर स्थापना गरिनेछ ।**

**४. विश्व बजारमा भएका नवीन कृषि प्रविधि सहज रूपमा भित्र्याउन कृषि प्रविधि हस्तान्तरण ऐन (Agriculture Technology Transfer Act) ल्याइनेछ । कृषि तथा पशु पालन व्यवसाय प्रवर्द्धन गर्न हाईब्रिड (Hybrid) बीउ विकास गर्न पूर्व र पश्चिम नेपालमा एक एकवटा प्रयोगशाला खोलिनेछ ।**

**५. कृषि बजारीकरण बोर्ड (Agriculture Marketing Board) स्थापना गरिनेछ । यस बोर्डले कृषि उत्पादनको गुणस्तर तथा बजार मूल्य, आदि पक्षहरुमा कृषकलाई सहयोग गर्नेछ ।**

# व्यवसायमा सहजता

## - समुन्नत भविष्यको सुनिश्चितता

**"**
**सरकारले व्यवसायीहरूमा स्वतन्त्र प्रतिस्पर्धा र नवप्रवर्तनको वातावरण सिर्जना गर्न सहजकर्ताको भूमिका निर्वाह गर्नेछ ।**

१. "वडा एक व्यवसाय अनेक" योजना अन्तर्गत लघु, साना तथा मझौला व्यवसाय स्थापनामा सहजीकरणका लागि हरेक वडामा एकद्वार प्रणाली स्थापना गरिनेछ । यस्तो एक द्वार प्रणालीले ४८ घण्टाभित्र व्यवसाय नि:शुल्क दर्ता गर्नेदेखि व्यवसायका विभिन्न आयाममा सहयोग गर्ने व्यवसाय कोरल्ने केन्द्र (Business Incubation Centre) सँग व्यवसायीलाई प्रत्यक्ष जोड्नेछ । पहिलो चरणमा हरेक प्रदेशमा न्युनतम २ वटा व्यवसाय कोरल्ने केन्द्र स्थापना गरिनेछ ।

२. विश्व बैंक व्यवसायका लागि सहजता सुचकाङ्क (Ease of Doing Business Index) मा व्यापक सुधार गरी प्रत्यक्ष वैदेशिक लगानी (Foreign Direct Investment) लाई वर्गीकरण गरी, प्राथमिकताका क्षेत्रमा आउने वैदेशिक लगानीलाई एकद्वार प्रणाली अन्तर्गत ल्याइनेछ । पाँच वर्षभित्र वैदेशिक लगानीलाई कम्तीमा १५ गुणाले वृद्धि गरिनेछ ।

३. नेपालको उत्पादनलाई विश्व मानचित्रमा स्थापित गर्न 'रातो र चन्द्र सूर्य ब्राण्ड'अभियान सुरु गरिनेछ । यस अभियानका लागि पहिलो चरणमा १० अर्ब बजेट छुट्याइनेछ । यस्तो अभियानमा ८० प्रतिशत स्रोत र श्रम नेपालकै प्रयोग गर्ने उद्योगलाई कर छुट पाउने व्यवस्था गरिनेछ ।

**चितवन**
**आर्थिक राजधानी**

**१५ गुणा**
**वैदेशिक लगानी**

**१० अर्ब**
बजेट 'रातो र चन्द्र सूर्य ब्राण्ड' अभियानका लागि छुट्याइने

४. चितवनलाई नेपालको आर्थिक राजधानी बनाउन चाहिने कानुनी प्रावधान, लगानी, जनशक्ति, उर्जा आदि विभिन्न पक्षहरूलाई उच्च प्राथमिकता दिई काम गरिनेछ । यस सन्दर्भमा पहिलो चरणमा निम्न कार्यहरू गरिनेछ:

- जोनिङ (Zoning) पद्धतिमार्फत चितवन सहरी योजनाको शुरुवात ।
- २५० मेगा वाटको सौर्य ऊर्जा प्लान्ट ।
- वार्षिक एसिया व्यवसाय कन्फरेन्स (Business Asia conference) ।
- नेपालको दोश्रो स्टक मार्केटको स्थापना।
- हरित नारायणी कोरिडर ।
- कर्पोरेट हेड क्वार्टर चितवन राख्ने संस्थालाई विशेष सहुलियत ।

५. वार्षिक ५० लाखसम्मको कारोबारमा शत प्रतिशत आयकर छुट, २० लाख भन्दा कम कारोबार गर्ने उद्यमीले कर प्रणालीमा अद्यावधिक लेखापरीक्षण नगरी स्वघोषणा गरे पुग्ने व्यवस्था गरिनेछ ।

# पूर्वाधारको गुणस्तरीय सञ्जाल:

## – आधुनिक सक्षम नेपाल

**“देश विकासको गन्तव्य गुणस्तरीय पूर्वाधारहरूबाट मात्र तय हुने सिद्धान्तलाई आत्मसाथ गर्दै कडा, स्पष्ट र व्यवहारिक नीति नियम बनाउने वाचा गर्दछौं ।**

**१. सम्पूर्ण पूर्वाधार सम्झौताका प्रक्रियागत विधिहरू अद्यावधिक गर्न र सार्वजनिक खरीद ऐनलाई प्रभावशाली बनाउन दे हायका कामहरू गरिनेछ :**

- अनुगमन तथा मूल्यांकन संयन्त्रलाई एकल सम्झौता मुल्यांकन प्रणाली अन्तर्गत ल्याई कालो सूचीमा राख्ने प्रक्रियालाई थप उत्तरदायी, जिम्मेवार र अधिकारसम्पन्न बनाइनेछ ।
- भूमि प्राप्ति, साइट क्लियरेन्स तथा सम्बन्धित कानुनी समन्वयन पक्का नभइ निर्माण सम्झौताहरु हुँदा सम्पन्न हुने समय र लगानी अनिश्चित हुने देखिएकाले बोलपत्र आव्हान गर्नुभन्दा अघि नै भुमि प्राप्ति, साइट क्लियरेन्स तथा सम्बन्धित कानुनी समन्वयन पक्का भइसकेको हुनु पर्ने अनिवार्य प्रावधान राखिनेछ ।
- रुग्ण तथा जीर्ण परियोजनाहरुको पुन:मूल्यांकन गरीनेछ ।
- आवश्यक भए खारेजीको दोषीबाट क्षतिपुर्ति लिइनेछ ।
- सबै सार्वजनिक पूर्वाधारहरु (आस्थाका केन्द्र, सरकारी कार्यालय, सार्वजनिक यातायत, शौचालय, आदि) अपांगतामैत्री बनेको सूनिश्चित गर्नु पर्ने प्रावधान राखिनेछ ।
- हरेक परियोजनामा तेस्रो पक्ष र स्थानीय उपभोक्ता समुदायको मुल्यांकनलाई अनिवार्य गरिनेछ ।

**२. द्रुत वितरण तथा पहुँचका लागि सुरक्षित सार्वजनिक डिजिटल संरचनाको निर्माण गरिनेछ, जस अन्तर्गत:**

- भौतिक डिजिटल पूर्वाधार - उच्चगतिको इन्टरनेटमा पहुँच, एक्सेस पोइन्ट, नेपालमा होस्ट हुने सुरक्षित डाटा सेन्टर, नेपालको आफ्नै स्याटेलाइट, आदि ।
- नेपाली डिजीटल सेवाहरु - जन्मदर्ता, नागरिकता, लाइसेन्स, भोटर कार्ड, बिमा कार्ड जस्ता अनेकौं कागजात बोक्नु पर्ने बाध्यतालाई समाप्त गर्न र सहजताका लागि जन्मदेखि मृत्युसम्मका सबै सरकारी तथा निजी सेवाहरु प्रदान गर्न कागजरहित एकिकृत राष्ट्रिय परिचय पत्र ।
- इन्टरअपरेवल डिजिटल भुक्तानी प्रणालीको स्थापना र सञ्चालन ।
- अपराध र अपराधी पहिचान गर्ने आधुनिक डिजिटल संयन्त्र र प्रणालीको स्थापना ।
- दुई वर्षभित्र रु. १००० भन्दा बढीका सबै सरकारी सेवाहरुको अनिवार्य डिजिटल भुक्तानी ।

**३. सम्पूर्ण सार्वजनिक यातायातका पूर्वाधारमा सुधार:**

- सार्वजनिक यातायात प्रणालीमा गुणस्तर कायम गर्न सम्पुर्ण यातायात पद्धतिलाई नियंमन गर्ने गरी अधिकारसम्पन्न राष्ट्रिय यातायात संस्थान स्थापना गरिनेछ ।
- नेपाल उड्डयन प्राधिकरणलाई सेवा प्रदायक र नियमन विभाग गरी दुई विभागमा बाँडिनेछ ।
- उड्ययन विभाग र  मौसम पुर्वानुमान विभागको सहकार्यमा मात्र उड्ययन तालिका बनाउने प्रणाली स्थापित गरिनेछ ।
- मौसम पुर्वानुमानको कार्यलाई थप चुस्त, सहि र भरपर्दो बनाउन आवश्यक ठाँउमा राडर र अन्य पूर्वाधारको विकास गरिनेछ ।
- उड्ययन सुरक्षाका लागि टावर व्यवस्थापन, सञ्चार, आदिलाई अपग्रेड गरिनेछ ।
- सबै राजमार्गहरु र मूख्य सहरहरुमा हुस्सु र वर्षातमा समेत चल्ने सडक बत्ती, सिसिटिभि तथा सवारी साधनको गति नाप्ने उपकरणहरु राखिनेछ ।
- काठमाडौं उपत्यकामा आधुनिक र भरपर्दो विद्युतीय बस प्रणाली सबै महानगर र उपमहानगरहरुमा विस्तार गरिनेछ। यस प्रणालीमा गाडी भाडा केन्द्रीय विधुत्तिय प्रणाली अन्तर्गत संकलन गरिनेछ ।
- यात्रु,साइकल लेन तथा अपांगतामैत्री बाटोहरु बनाइनेछ ।
- सहरी तथा ग्रामीण क्षेत्रहरूका सडकहरुमा न्यूनतम गुणस्तर कायम गर्न बाध्यकारी प्रावधान राखिनेछ ।

**४. राष्ट्रिय यातायात गुरू योजना तयार पारिनेछ, जस अर्न्तगत देशभित्र लामो तथा छोटो दुरीकालागि सडक, रेल, हवाइ, रोपवे तथा जलमार्गहरू समेटेर एकिकृत यातायात सञ्जालको खाका कोरीने छ ।**

**५. सुख्खा याममा पर्याप्त उर्जाका लागि नवीकरणीय उर्जाका स्रोतहरूमा विविधिकरण गरिनेछ । जस अर्न्तगत सौर्य उर्जा र वायु उर्जामा पनि लगानी बढाइनेछ । साथै पम्प स्टोरेज, लिथियम आयन ब्याट्री बैंक, ग्रिन हाइड्रोजन उत्पादन जस्ता नविन प्रविधिहरूमा पनि सम्भाव्यता हेरिनेछ ।**

# सहज यात्राको आधार

## - सुरक्षित राजमार्ग तथा सडक सञ्जाल

“

**राजमार्ग तथा सडकहरूका जोखिम न्यूनीकरण गरी परिवेश सुरक्षित बनाउँदै यात्रालाई रमाइलो बनाउने प्रतिबद्धता गर्दछौँ ।**

१. राजमार्ग तथा जुनसुकै किसिमका सडकहरूमा हुने दुर्घटनामा आपतकालिन उद्धार गर्न स्थानीय युवा क्लब तथा समूहहरुलाई उचित तालिम प्रदान गरि सडक दुर्घटनामा जीवन रक्षक - आधिकारिक स्वयमसेवक सञ्जाल निर्माण गरिनेछ ।

२. राजमार्ग तथा सडकहरूको छेउछाउमा रहेका खाना तथा बसोबासका सेवा प्रदायकहरूको गुणस्तर अनुगमन, मुल्यांकन र कारबाही गर्न सक्ने सडक खानपिन तथा बसोबास गुणस्तर बोर्ड निर्माण गरिनेछ ।

३. देशभरका सडकहरुमा निश्चित दुरी रहने गरि ट्रमा सेन्टर, शौचालय, पार्क तथा मर्मत केन्द्रहरूको व्यवस्था गरिनेछ । सडकहरुमा लगाइने अनावश्यक नाका कर, टोलहरू हटाइनेछ ।

४. सडकहरूसँग प्रत्यक्ष जोडिएका जनतालाई सडक उपयोगीता र अनुशासनका अनिवार्य कक्षा लिनुपर्ने व्यवस्था गरिनेछ ।

५. सुरक्षाकर्मीहरूको स्थानीय संरचनासँगको सहकार्यमा दुर्घटनाहरूमा उद्धारका लागि तालिम प्राप्त उद्धारकर्ता सहित सुरक्षाकर्मीको नियमित पेट्रोलिङ गर्ने व्यवस्था मिलाइनेछ ।

# सुरक्षित र सम्मानित वैदेशिक रोजगार,

## - श्रमिक नेपाली नागरिकको अधिकार

"

**रोजगारीका लागि बाध्यतावश देश छोड्नु नपर्ने समाजको परिकल्पना गर्दछौं ।**

१. ऋण उपलब्धता सहज बनाएर उद्यमशीलता प्रवर्द्धन गर्न विदेशबाट फर्केका नेपालीका लागि सबै वित्तीय संस्थाहरूले लगानी योग्य रकमको ५ प्रतिशत अनिवार्य रूपमा छुट्याउनु पर्ने व्यवस्था गरिनेछ ।

२. प्रारम्भिक शेयरहरूमा लगानी गरेर भविष्यका लागि रकम बचत गर्ने विशेष अवसर स्वरूप विदेशमा रहेरै लगानी गर्ने नेपाली नागरिकहरूका लागि १५ प्रतिशत शेयर अनिवार्य छुट्याउने व्यवस्था गरिने छ ।

३. नेपालको विप्रेषण (रेमिट्यान्स) का स्रोतहरूको विविधिकरण गर्नको लागि सशक्त कुटनीति मार्फत् विभिन्न राष्ट्रहरूमा दक्षतामा आधारित, सुरक्षित र उच्च पारिश्रमिकका रोजगारीहरू खोजी गरिनेछ ।

४. वैदेशिक रोजगारीमा जान खोज्ने नेपालीको खर्चलाई न्यूनीकरण गर्दै नि:शुल्क बनाउन सरकारले काम मिलाइदिने मञ्च, आर्थिक साक्षरताका कार्यक्रमहरू, भाषा सिक्न, अधिकारका बारेमा जानकारी लिन सक्ने एकल बिन्दु सेवाहरू सञ्चालन गरिनेछ ।

५. विदेश बस्दा आइपर्ने अपर्झट र आकस्मिक समस्या समाधान गर्नको लागि हटलाइन र द्रुत सहयोगका एकीकृत संरचनाहरू बनाएर कुटनीतिक तहबाट नै अधिकार संरक्षणका कामहरू गरिनेछ ।

# भूमिसुधारमा वैज्ञानिकता

## - व्यवस्थित समाजको आवश्यकता

**“ भुमि उपयोगलाई आधुनिकीकरण गरी सरकारी भूमि संरक्षण र भूमिहीनहरूको आवास सुनिश्चित गर्ने वाचा गर्दछौं ।**


१. उच्च जोखिमयुक्त भौगोलिक क्षेत्रमा रहेका तथा भूमिहीन नेपालीहरूका लागि सुरक्षित क्षेत्रमा रोजगारी सहितको एकीकृत बस्ती निर्माण गरिनेछ। भूमिहीनताको झुठो स्वघोषणा गर्नेलाई दण्डको व्यवस्था गरिनेछ ।

२. भूमिको डिजिटल नक्शा तयार पारी स्वामित्व, प्रकार (कृषि, बसोवास, जंगल आदि) र अन्तिम विक्री मूल्यको तथ्यांक अद्यावधिक गरी जनताको पहुँचमा ल्याउने व्यवस्था गरिनेछ ।

३. सार्वजनिक जग्गाको संरक्षण तथा सार्वजनिक भू-अतिक्रमण हुन नदिन कडा कानुन बनाई कार्यान्वयन गरिनेछ । अतिक्रमण गरिएका जग्गा खोजी खोजी फिर्ता गरिनेछ ।

## डिजिटल नक्शा

तयार पारी स्वामित्व, प्रकार र अन्तिम बिक्री मूल्यको तथ्यांक अद्यावधिक गर्ने




सार्वजनिक पारदर्शी

## डिजिटल पोर्टलद्वारा

घर-जग्गा किनबेच

४. घर-जग्गा किनबेच सार्वजनिक पारदर्शी डिजिटल पोर्टलद्वारा खुला बजारको अवधारणमा गरिनेछ । जस अन्तर्गत जग्गाको दलाली व्यवसायलाई संस्थागत गरिनेछ । यसले जग्गाको खरिद बिक्रीको मूल्य निर्धारण गर्नेछ ।

५. विनियोजित भूमिको दुरूपयोग गर्नेलाई सजाय, कृषि योग्य जमिनलाई बाँझो राख्न नपाइने, बाँझो जग्गालाई भूमि बैंकमा जम्मा गर्नु पर्ने व्यवस्था गरिनेछ ।

# संस्कृति सम्पदा अनि पर्यटन
## - विश्व मानचित्रमा नेपालीपन

**"नेपाललाई घुम्नुपर्ने देशबाट बढी घुमिने देश बनाउने प्रण गर्दछौं ।**

**१. पाँच वर्षभित्र पर्यटनबाट वार्षिक न्यूनतम ३ खर्ब आम्दानी (कोभिड पूर्वको आम्दानीको ५ गुणा) गर्ने लक्ष्य राखि निम्न कार्य गरिनेछ:**

- नेपाल प्रवेश गर्ने प्रकृया सहज र सस्तो बनाइनेछ । यस अन्तर्गत:
  - हवाई तथा भू-यातायातलाई विस्तार र व्यवस्थित
  - इयू एअर सेफ्टी लिस्ट (EU Air Safety List) बाट नेपाललाई हटाई नेपाली एयरलाइन्सको सिधा उडान
  - हरेक राजदुतावासमा "पर्यटन विङ"को स्थापना

  जस्ता कार्य गरिनेछ ।
- पर्यटकमा विविधता ल्याउने गरी पहिलो चरणमा आवश्यक पूर्वाधार सहितको धार्मिक र आध्यात्मिक मार्गहरु (Religious & Spiritual Circuit) विकास गरिनेछ ।
- भइरहेका साहसिक पर्यटनलाई व्यवस्थित गर्दै नेपाललाई साहसिक पर्यटनको विश्व गन्तव्य बनाउन ५ अर्बको "साहसिक पर्यटन विकास कोष" स्थापना गरिनेछ ।
- हिमाली क्षेत्र छुने हरेक प्रदेशमा हिमाली ध्यान केन्द्रहरुको स्थापना गरिनेछ ।
- मुख्य सहरका पर्यटकीय क्षेत्रहरुलाई चौबिसै घण्टा खोलिने व्यवस्था गरिनेछ ।
- पर्यटन क्षेत्रलाई पुन:स्थापित गर्न साना तथा मझौला व्यवसाय (SME) लाई ५ बर्षसम्म करमा राहत दिइनेछ ।
- प्रति महिना ५००० डलर भन्दा बढी कमाउने "डिजिटल घुमन्ते (Digital Nomads)" हरु र रिमोट वर्कर (Remote Worker) लाई एक वर्ष अन अराइभल भिसा प्रदान गरिनेछ ।
- लुम्बिनीलाई अन्तर्राष्ट्रिय ध्यान केन्द्र तथा परराष्ट्र नीतिको धारणा बनाउने केन्द्रका रुपमा स्थापित गर्न पूर्वाधारहरु निमार्ण गरिनेछ ।

पाँच वर्षभित्र
**३ खर्ब**
आम्दानी

**५ अर्ब**
को साहसिक पर्यटन विकास कोष

सम्पदा संरक्षणका लागि
**गुठीलाई पुन जागृत**

प्रत्येक प्रदेशमा
**साँस्कृतिक केन्द्रहरु**

**२. नेपाल वायुसेवा निगमलाई आधुनिकिकरण गरी ५ वर्ष भित्र विश्व बजार मा स्थापित गराएर ५० अर्ब कमाउने लक्ष्य राखिनेछ ।**

**३. नेपाललाई अन्तर्राष्ट्रिय फिल्म निर्माण केन्द्रका रूपमा स्थापित गर्न सरकारी दर्ता सेवामा शुन्य शुल्कको प्रावधान राखेर प्रक्रियाहरूलाई एक द्वार प्रणालीमा ल्याइनेछ ।**

**४. मुर्त अमूर्त सम्पदाहरूको संरक्षणमा स्थानीय स्वामित्व र गुठीको महो त्वलाई आत्मसाथ गरी गुठीलाई पुनर्जागृत गरिनेछ । विभेदकारी र अव्यवहारिक गुठी विधेयक खारेज गरिनेछ । गुठी संस्थानको कार्यशै लीमा सुधार गरी गुठीयारहरूको समान पहुँच पुग्ने गरी संस्थानको पुन:संरचना गरिनेछ ।**

**५. प्रत्येक प्रदेशमा साँस्कृतिक केन्द्रहरू स्थापना गरी नयाँ पुस्तालाई त्यसको महत्व, संरक्षणमा सहभागी बनाउन प्रोत्साहित गरिनेछ ।**

# बैंकिङ अनि बिमाको सुदृढ संयन्त्र

## - स्थिर अनि सबल अर्थतन्त्र

**"**
**वित्तीय क्षेत्रमा आधुनिक साधनहरूको प्रयोग गर्दै बीमा मार्फत प्राप्त हुने सुरक्षाको उपयोगिता सहज बनाउने प्रतिबद्धता गर्दछौं ।**

१. नेपाली जनतालाई विकास परियोजनाहरूमा सहभागी गराउन र आर्थिक टेवा दिन पालिका बन्ड, डेरिभेटिभ मार्केट जस्ता नवीन वित्तीय संयन्त्रहरू निर्माण गरिनेछ ।

२. देशभित्र र नेपाली नागरिकले खरिद गर्न नपाउने गरि डिजिटल मुद्रा माइनिङ (Crypto Currency Mining) लाई वैधानिकता दिइनेछ ।

३. बीमा उद्योगलाई आधुनिकरण गर्न बीमा एकेडेमी बनाइनेछ ।

४. बीमामा ठगी गर्ने बिमक र बिमितलाई कडा कानुन बनाएर कारबाही गर्ने व्यवस्था गरिनेछ ।

५. बैंकिङ कारोबारका गतिबिधि, कारोबारमा प्रयोग हुने भौतिक तथा डिजिटल साधन (एप तथा वेब) हरूको डाटा सुरक्षित गर्न कडा र स्पष्ट डिजिटल सेक्युरिटी प्रावधान सहितको कानुन बनाइनेछ ।

# खेलकुदको शक्ति

## - स्वस्थ जीवन, आत्मियता अनि राष्ट्रभक्ति

"

**खेलकुदलाई नेपाली जीवनको अभिन्न अंग बनाई विश्व मानचित्रमा स्थापित गराउने छौं ।**

१. "नेपाल खेलकुद विश्वविद्यालय" स्थापना गरी खेल सम्बन्धी सम्पूर्ण विषयको अध्ययन अध्यापन गराई दक्ष खेलाडी, प्रशिक्षक, प्राविधिक लगायतका जनशक्ति उत्पादन गर्ने तथा पालिकादेखि राष्ट्रिय तहसम्मका सबै उमेर समूहका प्रतिभालाई खोजी खोजी ल्याउने, तालिम दिने, आर्थिक व्यवस्थापन मिलाउने तथा वृत्तिविकासको बन्दोवस्त गर्ने व्यवस्था गरिनेछ ।

२. २ वर्षभित्र सबै उमेर समूहलाई उमेर अनुसार सक्रिय राख्न प्रत्येक वडामा ६ हजार ७ सय ४३ खेलमैदान, पार्क जस्ता केन्द्रहरु निमार्ण गरिनेछ ।

३. प्रत्येक प्रदेशमा भलिबल, क्रिकेट, फुटबल, मार्सल आर्ट्स् जस्ता खेलहरु खेल्न सकिने गरी बहुउद्देश्यीय अन्तर्राष्ट्रियस्तरका रंगशाला निर्माण गरिनेछ । यसका साथै हरेक पालिकामा मिनि रंगशालाको निमार्ण गरिनेछ ।

४. डन्डिबियो, गुच्चा, खोपी, पिट्ठु जस्ता नेपालका परम्परागत खेलहरुको अन्तर्राष्ट्रियकरण गर्न अध्ययन र अभ्यास गरिनेछ ।

५. सहकारी मोडल अबलम्बन गरी फुटबल, क्रिकेट जस्ता खेलको राष्ट्रिय लिगलाई व्यावसायिक बनाईनेछ ।

# भविष्यका लागि आज वातावरणको रक्षा

## - सबैलाई एउटै शिक्षा

**"**
**वातावरणमा प्रत्यक्ष असर पार्ने व्यवहारलाई वातावरणमैत्री बनाउदै वातावरणको सौन्दर्य, संरक्षण र उपयोगिता वृद्धि गर्ने प्रतिबद्धता गर्दछौं ।**

१. विद्युतीय सवारी साधनमा शुन्य कर तथा पेट्रोलियम इन्धनबाट चल्ने सवारीलाई विद्युतीय सवारीमा परिवर्तन गर्न शत प्रतिशत कर्जा दिइनेछ । यसका साथै पाँच वर्ष भित्र पेट्रोलियम इन्धनबाट चल्ने सवारीको बिक्री वितरण बन्द गरिनेछ ।

२. एकल प्रयोग प्लास्टिकको विकल्प दिई एकल प्रयोग प्लास्टिकलाई प्रतिबन्ध लगाइनेछ ।

३. सांस्कृतिक नदिनाला र तालतलैया, जंगल तथा पदमार्गहरुलाई मानवनिर्मित संरचना निषेध गरेर यथावस्थामा राखिनेछ ।

४. ढलको पानी खोला पठाउनुअघि अनिवार्य रुपमा प्रशोधन गर्न ढल प्रशोधन केन्द्रको स्थापना, नेपालका खोलानालाहरु र यसको वातावरणीय चक्रलाई पुन:जागृत गर्न सबै उत्पादनमुलक उद्योगहरुमा रासायनिक फोहोर प्रशोधन केन्द्र हुनुपर्ने बाध्यकारी प्रावधान राखिनेछ । सहरहरुका सबै नदी तथा खोला किनारामा मनोरञ्जनात्मक हरित कोरिडोरहरु निर्माण गरिनेछ ।

५. भारतसँगको सहकार्य मार्फत नेपालमा हुने अन्तरदेशीय वायुप्रदुषणको पहिचान र रोकथाम गर्न बलियो अन्तरदेशीय सञ्जाल निर्माण गरिनेछ ।

विद्युतीय सवारी साधनमा
**शुन्य कर**

**५ वर्षभित्र**
जैविक इन्धनबाट चल्ने सवारी साधनलाई विस्थापन

# जलवायु परिवर्तन र विपद् व्यवस्थापन

## - पूर्व तयारीले बच्छ ज्यान

**"जलवायु परिवर्तनको प्रभाव र प्रकृतिक विपदबाट हुन सक्ने प्रतिकुल प्रभाव घटाउने वा निर्मुल गर्ने उपायहरू खोजी कार्यान्वयन गर्ने प्रतिबद्धता गर्दछौं ।**

१. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) लाई सबल बनाइनेछ र सम्भावित बाढी, गेग्रान बहाव, पहिरो, डुबान र अन्य घटनाहरूको चेतावनी दिनको लागि एकीकृत प्रकोप पूर्व चेतावनी प्रणाली निर्माण गरिनेछ ।

२. भूकम्पको लागि थप तयारी गरिनेछ, जसमा भवन संहिताको सुदृढीकरण, विद्यालय र अस्पतालहरूको प्रवलीकरण, अभ्यास र तालिमहरू समेत संलग्न हुनेछन् । यसैगरी हरेक प्रदेशमा सानो सेनाको बेस लगायत पाल, खाना र औषधिको भण्डार, हेलिकोप्टरहरू सहितको विपद् प्रतिकार्य केन्द्रहरू स्थापना गरिनेछ । साथै भूकम्पका बेला जम्मा हुन तथा बस्तीका लागि खुला क्षेत्र सिर्जना गर्न प्रत्येक वडामा न्यूनतम १ पार्क अनिवार्य गरिनेछ ।

३. ठूला परियोजनाहरूको तयारी गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनमा थप दुई विषयहरू सम्बोधन गराइने छ - जलवायु परिवर्तनको कारणले परियोजनाको जोखिम र परियोजनाले जलवायु परिवर्तनको कारण अरूलाई असर गर्ने सम्भावना । यसका साथै नेपालमा एउटा अन्तर्राष्ट्रिय स्तरको जलवायू अनुसन्धान केन्द्र स्थापना गरिने छ, जुनले हिमाल देखि तराई सम्मको जलवायू परिवर्तनका असर बारे ग्यान प्राप्न गर्नुका साथै प्राथमिकता निर्धारण अनि नीति र मापडण्ड निर्माणमा सहयोग गर्ने छ।

४. संयुक्त राष्ट्र संघमा नेपालले जलवायु मुद्दाहरूमा नेतृत्व लिनेछ, हरित गृह ग्यासहरूको विश्वव्यापी न्युनीकरण र सीमापार वायु प्रदूषणमा कमीको माग गर्नेछ ।

५. जलवायु परिवर्तनबाट अधिक जोखिममा रहेका जनसंख्यामा हुन सक्ने प्रभावलाई निर्मुल गर्न नेपालले पाउने क्षतिपूर्ति प्राप्त हुने सुनिश्चितता गरिनेछ ।

# सुरक्षाबलको सबलीकरण र सक्रियता

## - शान्त र सुरक्षित समाजको आवश्यकता

"

**राष्ट्रिय सुरक्षा बललाई सुविधा सम्पन्न बनाउदै राष्ट्र निर्माण र उद्धारका क्षेत्रहरुमा उपयोग गरिने प्रतिबद्धता गर्दछौं ।**

१. राजनीतिकर्मी तथा विशिष्ट पदाधिकारीहरुले सुरक्षा बललाई घरेलु सहयोगीका रुपमा प्रयोग गर्ने प्रचलनको अन्त्य गरेर कुनै सुरक्षाकर्मीलाई त्यसरी प्रयोग गरिएमा दण्डित गरिने व्यवस्था बनाइ कार्यान्वयन गरिनेछ ।

२. ट्राफिक प्रहरीका हकमा सबै ट्राफिक पोस्टहरुको २० मिटरको दुरीभित्र चर्पी, कपडा बदल्ने कोठा र खानेपानी जस्ता आधारभूत सुविधाहरुको व्यवस्था गरिनेछ । ट्राफिक अवरोध, ट्राफिक लाइटको प्रयोग, स्वचालित प्रविधि, सबै सूरक्षा गतिविधिहरुको पूर्वसूचना, सडक निर्माण तथा अवरोध लगायतको वैज्ञानिक व्यवस्थापन गरी ट्राफिक व्यवस्थापन सहज र सुरक्षित बनाइनेछ ।

३. मानव बेखविखन, तस्करी तथा सिमा अतिक्रमण रोक्न सिमामा सशस्त्र प्रहरी बललाई खटाइनेछ ।

४. सातै प्रदेशमा आधुनिक विधि विज्ञान प्रयोगशाला स्थापना गरिनेछ । सक्षम जनशक्ति र आवश्यक स्रोतसाधन थप गरेर साइबर ब्युरोको सबलिकरण र आधुनिकिरण गरिनेछ । सुरक्षा निकायले उपलब्ध स्थानिय उत्पादनहरुलाई प्राथमिकतामा राखेर उपयोग गर्ने प्राबधान बनाइ सुरक्षा निकाय र स्थानिय उत्पादनलाई जोडिनेछ ।

५. सबै तहका सुरक्षाकर्मीलाई अन्तर्राष्ट्रिय तालिम र संयुक्त राष्ट्रसंघिय मिसनमा बराबर अवसर र सहभागिताको सुनिश्चता गरिनेछ ।

# सन्तुलित परराष्ट्र नीति
## - राज्य सञ्चालनको आधारभूत थिति

**“**
**राष्ट्रिय स्वतन्त्र पार्टी हरेक देशसँग समान दुरी कायम गर्ने परराष्ट्र नीतिमा अटल रहने प्रतिबद्धता व्यक्त गर्दछ ।**

१. जलवायु परिवर्तन, ज्ञान र प्रविधि हस्तान्तरणका लागि विश्वव्यापी समन्वयलाई प्राथमिकतामा राखिनेछ ।

२. हरेक अनुदान सहयोग (शर्तसहित र शर्तरहित) तथा सम्झौताहरू पारदर्शी रूपमा सम्पूर्ण नागरिकहरू माझ प्रस्तुत गरिनेछ । साथै नियामक निकायमा प्रस्तावको अन्तिम जिम्मेवारी रहने वा नरहने गरी सबै खाले विदेशी अनुदान र प्रस्तावहरूमा सबै राजनीतिक शक्तिहरूसँग अनिवार्य छलफल गरिने व्यवस्था गरिनेछ ।

३. छिमेकीहरूको महत्वलाई सम्मान गर्दै सीमाना तथा आर्थिक सहकार्य सम्बन्धी मुद्दामा शान्तिपूर्ण निकासका लागि पहल गरिनेछ ।

५. नेपालको विशिष्टकृत भुगोलको प्रचार तथा शान्ति क्षेत्रको स्थापना गरेर संयुक्त राष्ट्र संघका संगठनहरू तथा अन्तर्राष्ट्रिय विकास बैंकहरूका मूख्य कार्यालयहरू नेपालका स्थापना गर्नका लागि पहल गरिनेछ ।

४. सार्क, विमस्टेक, बीबीआईएन र अन्य क्षेत्रीय समुहमा बलियो नेतृत्वदायी भुमिका निर्वाह गर्नेछौं ।

# सक्षम युवा
## - आजको आवश्यकता

**"युवालाई बहुआयामिक अवसरहरू प्रदान गरी निर्णायक नेतृत्वमा ल्याउने प्रतिबद्धता व्यक्त गर्दछौं ।**

### युवाहरुलाई रोजगार बनाउन देशभर तालिम केन्द्र र रोजगारी बैंक



१. युवाहरूलाई रोजगार बनाउन, वैदेशिक रोजगारबाट फर्किएकाहरूको रोजगारी सुनिश्चितता गर्न तथा सीपको सदुपयोग गर्न सहयोग तथा तालिमका लागि हरेक प्रदेशमा "रोजगारी बैंक", "करियर काउन्सिलिङ सेन्टर" र "तालिम केन्द्र" स्थापना गरिनेछ ।

२. प्रत्येक प्रदेशमा मद्यपान तथा लागुपदार्थ दुर्व्यसन सुधार केन्द्र सञ्चालन गरिनेछ ।

३. सार्वजनिक सम्पत्ति (मठमन्दिर, तालतलैया, पार्क, विद्यालय, अस्पताल, आदि) को अपनत्व लिई समूह बनाई संरक्षण र व्यवस्थापनमा संलग्न हुने युवाहरूलाई वित्तीय तथा गैर वित्तीय प्रोत्साहन दिइनेछ ।

४. हरेक प्रदेशमा बहुउद्देश्यीय कला र संस्कृति केन्द्रको स्थापना गरी युवालाई विभिन्न कलाहरू सिक्न, अन्वेषण र अभिव्यक्त गर्न प्रेरित गरिनेछ ।

५. युवा प्रतिभालाई प्रोत्साहन गर्न आफ्नो अभिरूचिको विधा पहिचान गर्न सहयोग पुऱ्याउन विविध प्रतिस्पर्धा, प्रदर्शनीहरू तथा स्थानीय, प्रादेशिक र संघीय तहमा मेलाहरू आयोजना गरिनेछ ।

# विविध

१. डिजिटल ठेगाना प्रणाली र इ-कमर्सका लागि द्रुत हुलाक - हुलाकलाई प्राथमिकतामा राखेर त्यसमा लागि आवश्यक पर्ने आधुनिक डिजिटल ठेगाना प्रणाली, पोस्ट बक्स प्रचलन, पोस्टल कोड आदिको व्यवस्थापन गरिनेछ । इ-कमर्सलाई फस्टाउन तथा पार्सलहरुको पारवहनका लागि आवश्यक हुने द्रुत हुलाक सञ्जालको सञ्चालन गरिनेछ ।

२. कृषि र उत्पादनमा आधारित सहकारी र श्रमिक सहकारीलाई प्रर्वद्धन गरिनेछ । बचत तथा ऋण सहकारीहरुलाई मर्जरमा जानकोलागि प्रोत्साहन गरिनेछ ।

३. राष्ट्रको १ प्रतिशत बजेट नविन अध्ययन अनुसन्धान तथा विकासका लागि छुट्याइनेछ ।

४. राज्य नियन्त्रित र सञ्चालित चिठ्ठा (लोटो, पावरबल, ज्याकपट जस्ता) खेलहरुलाई कानुनी बनाइनेछ ।

५. ग्रामिण तथा सहरी क्षेत्रको समान विकासका लागि बजेट विनियोजन गर्दा समतामुलक विकासको अवधाराणलाई आत्मसाथ गरी दिगो विकासको लक्ष्य हासिल गर्न केन्द्रीत गरिनेछ ।

## हाम्रो परिकल्पनाको देश

# वि.सं. २११० को नेपाल

यो वाचा पत्रले अबको ३१ वर्षपछि वि.सं. २११० मा राष्ट्रिय स्वतन्त्र पार्टीले परिकल्पना गरेको नेपालको लागि आधार तयार पार्ने छ । नेपालको संविधान २०७२ मा लिपिबद्ध "समाजवादप्रति प्रतिबद्धता" लाई ध्यानमा राख्दै यस वाचा पत्रमा तत् तत् कार्यक्रमहरु राखिएका छन् जसले वि. सं. २११० सम्ममा नेपालमा समाजवादको आधार तय गर्नेछ । जसबाट निम्न लक्ष्यहरु हासिल भइसकेका हुनेछन् :

१. समान गुणस्तरको शिक्षा र स्वास्थ्यमा सबै नागरिकको समान पहुँच हुनेछ । वि. सं. २११० पछि शिक्षा र स्वास्थ्य क्षेत्रलाई समुदायीकरण गरी पुर्णरुपमा गैरनाफामूलक बनाइनेछ । वि. सं. २११० सम्म सम्पूर्ण नेपालीहरु पूर्ण बिमाको दायरामा हुनेछन् जसले मूलतः शिक्षा र स्वास्थ्य सेवाको ग्यारेन्टी गर्नेछ ।

२. नेपाल अन्तराष्ट्रिय पर्यटन क्षेत्रमा घुम्न लायक गन्तव्यको सूचिको उत्कृष्टमा मात्र होइन, घुमिएको गन्तव्यको रुपमा पनि संसारकै उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुनेछ ।

३. नेपाल विश्व शान्ति क्षेत्रको रुपमा स्थापित हुनेछ । दिनहोस् या रातहोस् छोरा होस् वा छोरी होस् बालक होस् वा वृद्धा होस् जो कोही पनि नेपालको जुनसुकै भुभागमा शान्ति र सुरक्षा प्रत्याभूत भइ निस्फिक्री हिँडडुल गर्नसक्ने छ ।

४. नेपाल हरित (कार्बन नेगेटिभ) राष्ट्रको रुपमा स्थापित हुनेछ । दुर्लभ वन्य जन्तुको संख्यामा वृद्धि भई दुर्लभ रहने छैनन् ।

५. कुनै पनि नेपालीहरु रोजगारीका लागी विदेश जान बाध्य हुने छैनन् ।

६. नेपालका प्रत्येक भूभाग एक अर्कासँग गुणस्तरीय र सुलभ यातायात प्रणालीमा जोडिएका हुने छन् ।

७. सूचना तथा सञ्चार प्रविधिमा सबै नेपालीको सुलभ पहुँच र उपलब्धता हुनेछ । डिजिटल तथा सूचना प्रविधि क्षेत्रमा हरेक नेपाली शिक्षित हुनेछन् । नेपाल अन्तराष्ट्रियरुपमा डिजिटल हब बन्ने छ र यस क्षेत्रमा आत्मनिर्भर हुनेछ ।

८. नेपालका सबै किसिमका पानीका स्रोतहरुलाई संरक्षण र व्यवस्थित गरी बाढी, भुक्षय, पहिरो, डढेलो, हिमताल बिष्फोट लगायतका प्राकृतिक प्रकोपहरुको सम्भावना न्युन हुनेछन् । भुकम्प, आँधी, शितलहर, लु जस्ता समस्याहरुबाट हुने मानवीय क्षतिको पूर्व जानकारी दिई व्यवस्थापन गरी मानवीय क्षति न्यून हुनेछ ।

९. गरिबीको रेखामुनि रहेका नेपालीको संख्या शून्य हुनेछ ।

१०. सबै नागरिकको सामाजिक र आर्थिक सुरक्षाको ग्यारेन्टी हुनेछ ।

११. सबै किसिमका विभेद र दलनहरुको उन्मुलन भएर कुनै पनि जाती वा समूदायलाई आरक्षणको आवश्यकता पर्ने छैन । सबैले राज्यको मुलधारमा समान पहुँच र अवसर पाइ आरक्षण बिना नै खुला प्रतिष्पर्धामार्फत सबैको समानुपातिक, समावेशिता प्रतिनिधित्व हुने भएकाले आरक्षण सान्दर्भिक हुने छैन ।

१२. आधुनिक सुविधा सम्पन्न गाउँहरु हुनेछन् । सहरहरु गाउँ जस्ता हुनेछन् ।


१३. खेलकुदमा अन्तर्राष्ट्रिय (ओलम्पिक, क्रिकेट टि ट्वान्टी विश्वकप) पदक हासिल गरिसकेका हुनेछौं ।

१४. नेपाल विश्वमा न्यून भ्रष्टाचार हुने मुलुकमा पर्नेछ ।

१५. नेपालमा पूर्णतया लोकतान्त्रिक मूल्य मान्यताका आधारमा सम्पूर्ण जनताले आफ्नो मतको अर्थ बुझ्ने गरी सहभागी भएको निर्वाचन पक्रियाबाट उन्नत लोकतन्त्रको विकास भइसकेको हुनेछ ।

१६. मित्र राष्ट्रहरुसँगका असमान सन्धि सम्झौताहरु खारेज भइ समानताको आधारमा सम्बन्धहरु स्थापित भइसकेको हुनेछ र नेपाली पासपोर्ट शक्तिशाली हुनेछ।

# ठुला ठुला कुरा भनेर होइन
# अब भनेका कुरा गरेर देखाउने बेला आएको छ ।



## मंसिर ४ गते राष्ट्रिय स्वतन्त्र पार्टीलाई गोलाकार भित्रको घण्टी चिन्हमा छाप लगाई जिताऔं ।

केन्द्रीय कार्यालय
४७७ वसुन्धारा मार्ग, काठमाडौं, नेपाल | + ९७७ ०१ ५९१४५९१, ९८५१३६०६६६
info@rspnepal.org | www.rspnepal.org